नजर हमर


राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218



जनताको विश्वास जित्नुस्: मुख्यमन्त्री

समाचार पृष्ठ ५ मा

वर्ष ३ | अंक ३११ | २०८२ साल असोज २६ गते आइतबार | Sunday 12, October 2025 | सूर्योदय: बिहान ०६:०३ बजे | सूर्यास्त: साँझ ५:४० बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

# प्रदेश सभा बैठक २८ गते बस्दै

मधेश प्रदेशमा नेकपा एमालेका २५ (एक निलम्बित), नेपाली कांग्रेसका २२, जनता समाजवादी पार्टी, नेपालका १९, जनमत पार्टीका १३, माओवादी केन्द्रका ९, लोकतान्त्रिक समाजवादी पार्टी, नेपालका ९ (एक निलम्बित), नेकपा एकीकृत समाजवादी पार्टीका ७ तथा राप्रपा, नागरिक उन्मुक्ति पार्टी र संघीय समाजवादी पार्टीका १–१ जना प्रदेशसभा सदस्य छन् ।



मुख्यमन्त्री सतिश कुमार सिंह मधेश प्रदेशसभा विघटनको षड्यन्त्रमा छन् ।

**– महेश प्रसाद यादव**
संसदीय दलका नेता, जनमत



जसको रगतमा संघीयताको भावना छैन, उसले यस्तो आरोप लगाउन सक्छ ।

**– सतिश कुमार सिंह**
मुख्यमन्त्री, मधेश प्रदेश




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सभा बैठक असोज २८ गते १ बजेका लागि बोलाइएको छ । प्रदेश सभा सचिवालयले सूचना प्रकाशित गरेर सभाको बैठक बोलाइएको जानकारी दिएको छ । मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले मंगलबार विश्वासको मत लिने र सोहीअनुसार व्यवस्था मिलाइदिन मधेश प्रदेशसभा सचिवालयलाई पत्र पठाएका थिए । सोही आधारमा प्रदेश सभा बैठक बोलाइएको हो ।

१ सय ७ सदस्यीय मधेश प्रदेशसभामा हाल १ सय ५ सांसद छन् । मुख्यमन्त्री सिंहसँग लोकतान्त्रिक समाजवादी पार्टीको मात्र समर्थन छ । उनको दल जनमत पार्टीले समेत समर्थन फिर्ता लिइसकेको छ । मधेश प्रदेशमा नेकपा एमालेका २५ (एक निलम्बित), नेपाली कांग्रेसका २२, जनता समाजवादी पार्टी, नेपालका १९, जनमत पार्टीका १३, माओवादी केन्द्रका ९, लोकतान्त्रिक समाजवादी पार्टी, नेपालका ९ (एक निलम्बित), नेकपा एकीकृत समाजवादी पार्टीका ७ तथा राप्रपा, नागरिक उन्मुक्ति पार्टी र संघीय समाजवादी पार्टीका १–१ जना प्रदेशसभा सदस्य छन् ।

यता जनमत संसदीय दलका नेता महेश यादवले मुख्यमन्त्री सतिश कुमार सिंहमाथि मधेश प्रदेशसभा विघटनको षड्यन्त्र गरेको आरोप लगाएका छन् । तर मुख्यमन्त्री सिंहले आरोप पूर्णरूपमा अस्वीकार गर्दै त्यसलाई निराधार र राजनीतिक उद्देश्यसहितको प्रचार भएको बताएका छन् ।

शनिबार प्रतिक्रिया दिँदै मुख्यमन्त्री सिंहले संघीयता र समावेशी प्रणालीलाई कमजोर पार्ने कुनै पनि प्रयास स्वीकार्य नहुने स्पष्ट गरे । उनले भने, 'संघीयता धरापमा पार्ने कुनै हर्कत सह्य हुँदैन । म संघीयता र पहिचानको आन्दोलनबाट आएको मान्छे हुँ, त्यसका विरुद्ध जान सक्दिनँ ।'

सिंहले जनमत नेताको आरोपलाई राजनीतिक भ्रम फैलाउने प्रयासको रूपमा लिँदै थपे, 'जसको रगतमा संघीयताको भावना नै छैन, उसले त्यस्ता कुरा गर्न सक्छ । तर म संसद् विघटन जस्तो अपजस लिएर राजनीति गर्न चाहन्नँ ।'

मुख्यमन्त्री सिंहले आफू संघीयता र लोकतन्त्रका मूल्यका पक्षधर रहेको दोहोर्याउँदै भने, 'संघीयतामाथि कुनै पनि प्रकारको प्रहार हुन दिएर म कुर्सीमा बस्ने छैन । बरु राजनीति नै छोड्न तयार छु, तर संघीयताको मर्म र आन्दोलनका उपलब्धी मेटिन दिन्नँ ।'

उनले हालको राजनीतिक परिस्थितिमा जनमत दलका केही नेताहरूले भ्रम फैलाउने प्रयास गरिरहेको दाबी गर्दै प्रदेश सरकार स्थिर र जनताप्रति जिम्मेवार ढंगले सञ्चालन भइरहेकाले अनावश्यक हल्लामा विश्वास नगर्न आग्रह गरे ।

सरकार गठनको हल्ला मात्रै मधेश प्रदेशका मुख्य मन्त्री सतिश कुमार सिंहले प्रदेशमा नयाँ सरकार गठनको दाबी गरिएकामा गम्भीर आपत्ति जनाएका छन् । उनले आफूलाई ३० दिनभित्र विश्वासको मत लिने संवैधानिक अधिकार रहेको बताउँदै, प्रदेश प्रमुखले नयाँ सरकारका लागि आह्वान गरेको भन्ने हल्ला पूर्णतः गलत र भ्रामक भएको स्पष्ट पारे ।

सिंहले भने, 'सङ्घीयतामाथि नै प्रहार हुने गरी मेरो पार्टीसहितका तीन दलले कार्य गरेका छन् । हतार–हतारमा गरिएको यस्तो कदमलाई राजनीति भनिँदैन ।' उनले अहिले भइरहेका गतिविधि 'आफ्नो गल्ती छोप्न रचिएको षड्यन्त्र' भएको आरोप लगाए ।

सिंहले थपे, 'मैले राजीनामा दिएपछि मात्र प्रदेश प्रमुखले नयाँ सरकार गठनका लागि आह्वान गर्न सक्नुहुन्छ । त्यसपछि मात्र नयाँ सरकारले बहुमत सिद्ध गर्नुपर्ने हुन्छ । तर अहिले भइरहेको काम प्रक्रियागत रूपमा गलत छ ।' असोज २८ गते बस्ने बैठकमा दलहरूले गरेको प्रपञ्चको सारा कच्चा चिट्ठा खोल्ने घोषणा गर्दै उनले अहिले आफू थप टिप्पणी नगर्ने बताए ।

# यसरी हुँदैछ नदीबाटै भारतमा रक्सी तस्करी



तस्करीको कल्पना गरेर तस्बिर एआइको मदतबाट बनाइएको हो ।

**राकेश यादव**
**गौर ।**
वर्षाले रौतहटका सीमामा नदीले जनजीवन तहसनहस पारे पनि केहीलाई भने यही नदी कमाइ धन्दा भइरहेको पाइएको छ । साँझका समयमा रक्सी नदी हुँदै भारतमा निकासी भइरहेको र यसमा नेपाल र भारत दुवै तर्फकामा सुरक्षाकर्मीको पनि मौनता रहेको पाइएको हो ।

केही दिनअघि बागमती नदीको बाँध छेउमा मधेशदृष्टि प्रतिनिधि पुग्दा ब्रह्मपुरीको काली मन्दिर नजिक बाँधमा केही युवाको समूह भेटिए । त्यहाँ नेपालमा उत्पादन भएको रक्सीको भण्डार नै रहेछ । काम गर्ने मजदुरहरू प्लास्टिकको बोरामा हालेर डुंगाजस्तो बनाउँदै थिए ।

बागमती नदीको मूलधार भएर रक्सी प्रतिबन्ध गरिएको भारतको बिहारमा पठाउन यस्तो उपाय लगाइएको पाइएको हो । जहाँ तस्करीको रक्सी भारतमा पुर्याउने तयारी भइरहेको थियो । केही दूरीमा सशस्त्र प्रहरीको टोली बसेर टुलुटुलु हेर्दै थिए । प्रहरी किन यस्तो गरिरहेको छ भने प्रश्न मनमा खेले पनि । जेन्जी आन्दोलनका कारण यस्तो हो कि तस्करसँगको साँठगाठले प्रहरी मौन रहेको भन्ने जिज्ञासा उठे पनि सुरक्षाकर्मीको सहयोग विना तस्करी कसरी सम्भव छ ?

तस्करहरू ट्रयाक्टरमा लोड गरेको रक्सी बोरामा हालेर पानीमा बगाउने तयारी गर्दै थिए । कसरी भारतमा पुर्याइँदो रहेछ भन्ने जान्ने इच्छा जाग्दै थियो र यसबारे केही स्थानीयसँग सोधखोज पनि गरियो । डेंगी जस्तो बनाएर २–४ जना बस्ने र पानीको बहावसँगै गई भारतीय रेल्वे पुल पारि किनारामा बस्ने व्यक्तिले निकालेर बैरगनिया, ढेग, रिगा, सीतामाढीलगायतका ठाउँमा महंगो मूल्यमा बिक्रीको कार्य भइरहेको उनीहरुले बताए । सीमामा तैनाथ सुरक्षाकर्मी र भारतीय सीमा सुरक्षा बलसँग पनि उनीहरुको सेटिङ रहेकाले तस्करीसम्भव भएको देखियो ।

मुख्य तथा सहायक नाकाबाट संगठितरुपमा तस्करी हुँदै आएको रौतहटमा बागमती नदीमा पानीको सहायताले रक्सी भारतमा पुर्याउने तरिका अपनाइएको पाइएको छ । नेपालमा आर्थिक संकट उत्पन्न हुनसक्ने विद्यमान अवस्थामा चोरी निकासी पैठारी नियन्त्रण गर्न राज्यले खटाएका सुरक्षाकर्मी पनि क्षणिक आर्थिक लाभका लागि राजश्व चुहावटमा मौन र सहयोगी बनेको देखिएको छ ।

उसो त जिल्लाको मुख्य नाका गौर भन्सार भएर दिनहुँ पोके तस्कर भारतबाट विभिन्न किसिमका सामान नेपालको गौर बजारमा ल्याएर भण्डारण गरेर अन्य ठाउँमा निर्यात गरिरहेका छन् । महादेव पट्टि, औरैया, बन्जरहा, रामपुर खाप, छोटी भन्सार बंकुल नाका भएर त हुण्डी कारोबारदेखि लिएर चिनी, मटर, इलेक्ट्रोनिक्स समान, सुपारी, लत्ताकपडा, भारतीय कुखुराको समेत व्यापक रुपमा तस्करी हुँदै आएको भए पनि रौतहटका स्थानीय प्रशासन यो स्वीकार्य तयार छैन ।

गौर भन्सारको नाका भएर तस्करी गर्ने तस्कर महिलापुरुष प्रहरी र सशस्त्र प्रहरीलाई दिनु पर्ने रकम भन्सार कार्यालयदेखि पूर्व, उत्तरमा रहेको गुम्ती पसल तथा गौर नगरपालिका वडा नम्बर १ मुख्य सडक अन्तर्गत गंगा जमुना कपडा पसलको छेउमा रहेको एउटा पसलमा दिनहुँ जम्मा पार्छन् र तस्करी निर्बाध गरिरहेका छन् ।

भारतबाट सामान नेपाल भित्रिएपछि पैसा ती पसलहरुमा राखिदिने र पछि ड्युटीमा बस्ने प्रहरीले जम्मा गरिएको रकम बुझेर भागबन्डा गर्ने गरेको कारोबारीहरु बताउँछन् । अब रक्सी तस्करीको पनि नयाँ रुट नदी बनेको र रातका समयमा यो धन्दा अरु फस्टाइरहेको पाइएको छ ।

# जेन्जी आन्दोलनमा मधेशमा २१५ कार्यालयमा क्षति

*मधेश प्रदेशभर ९० वटा प्रहरी कार्यालय र २ सय १५ वटा सरकारी कार्यालयमा तोडफोड र आगजनी हुँदा करिब ८ करोड रुपैयाँ भन्दा बढीको क्षति भएको छ । त्यस्तै प्रदर्शनकारीले २ करोड ६ लाख ७८ हजार तीन सय ८० रुपैयाँ मूल्य बराबरका सवारी साधन जलाएका छन् । मधेश प्रदेशमा २१ वटा नगरपालिकामा मध्यम क्षति तथा तोडफोडको घटना भएको छ ।*

**मधेशदृष्टि**
**वीरगंज ।**
प्रहरी प्रधान कार्यालय, काठमाडौँका अनुसार जेन्जी आन्दोलनमा मधेश प्रदेश पनि बढी प्रभावित प्रदेश बनेको छ । मधेश प्रदेशभर ९० वटा प्रहरी कार्यालय र २ सय १५ वटा सरकारी कार्यालयमा तोडफोड र आगजनी हुँदा करिब ८ करोड रुपैयाँ भन्दा बढीको क्षति भएको छ ।

त्यस्तै प्रदर्शनकारीले २ करोड ६ लाख ७८ हजार तीन सय ८० रुपैयाँ मूल्य बराबरका सवारी साधनपनि जलाएका छन् । मधेश प्रदेशमा २१ वटा नगरपालिकामा मध्यम क्षति तथा तोडफोडको घटना भएको छ । साथै, ६ वटा गाउँपालिका प्रशासनिक भवन पूर्ण र १ मा आंशिक क्षति भएको प्रहरी प्रधान कार्यालय काठमाडौँले जनाएको छ ।

३ वटा व्यापारिक तथा जनप्रतिनिधि निजी भवन पूर्ण र ५४ वटामा आंशिक क्षति भएको छ भने २५ वटा पार्टी कार्यालयमा पनि आंशिक क्षति पुगेको कार्यालयको विवरणमा उल्लेख छ । प्रायःजसो सबै कार्यालयका अधिकारीले हाल सेवाग्राहीको कार्य नरोकिने गरी कामचलाउ सेवा सुचारु गरिएको भए पनि पूर्ण रूपमा कार्य सञ्चालन गर्न धेरै समय लाग्ने बताएका छन् ।

# धनुषाका आधा दर्जन पालिका सभाविहीन, तलबविहीन

**जनकपुरधाम ।**
धनुषाका आधा दर्जन पालिकाको सभा नभएकाले कर्मचारीले महान् चाडपर्वको समयमा समेत तलब भत्ता पाएका छैनन् । मिथिला, क्षीरेश्वरनाथ, कमला, हंशपुर नगरपालिका तथा औरही गाउँपालिकाको नगर र गाउँ सभा नभएका कारणले कर्मचारीले दशैँ जस्तो ठूलो पर्वमा तलब भत्ता नपाएका हुन् । पालिकामा कार्यरत कर्मचारीका अतिरिक्त सामुदायिक विद्यालयमा कार्यरत शिक्षकले पनि तलब भत्ता नपाएपछि चाडपर्व खल्लो भएको छ ।

पालिकामा जनप्रतिनिधिबीच योजनाको विषयमा विवाद रहेका कारण ती पालिकाहरूको सभा हुन नसकेको जिल्ला समन्वय समिति धनुषाका प्रमुख राजनन्दन मण्डलले जानकारी दिए । आधा दर्जन पालिकाको सभा भए पनि अझै आधा दर्जनको बाँकी रहेको छ । धनुषाका अधिकांश पालिकामा कुनै एक दलको बहुमत नभएका कारण योजना बाँडफाँड तथा सञ्चालनका लागि हुने गरेको आर्थिक श्रोतको बाँडफाँडमा विवाद हुने गरेको छ ।

क्षीरेश्वरनाथ नगरपालिकाका कर्मचारी तथा शिक्षकले तिहार वा छठमा पनि तलब भत्ता नपाइए आन्दोलनमा उत्रने जनाएका छन् । स्थानीय शासन ऐनअनुसार पालिकाको परिषद्ले बजेट पास नगरेसम्म तलब भत्ता सहितको कुनै पनि शीर्षकमा रकम खर्च गर्न नपाउने कानूनी प्रावधान छ ।

# माटोको ढिस्कोले पुरिएर २ जनाको मृत्यु

**मधेशदृष्टि**
**बारा ।**
सिम्रौनगढमा शनिबार बिहान माटोको ढिस्कोले पुरिएर दुई जनाको मृत्यु भएको छ भने ६ जना घाइते भएका छन् ।

सिम्रौनगढ नगरपालिका वडा नम्बर ६ पानीटंकी नजिक माटो खन्ने क्रममा ढिस्को खस्दा त्यसमा पुरिएर दुई जनाको मृत्यु भएको हो । मृत्यु हुनेमा सिम्रौनगढ वडा नम्बर ६ सानो इँटवालकी ७० वर्षीया शारदादेवी महतो र १५ वर्षीय सुनिल महतो छन् । उनीहरूको उद्धार गरेर अस्पताल लैजाँदै गर्दा बाटोमा मृत्यु भएको हो ।

घटनामा अन्य ६ जना घाइते छन् । घाइते हुनेमा सिम्रौनगढ–६ कै १४ वर्षीय साजन महतो, १५ वर्षीय नितेश महतो, १८ वर्षीय गौतम मुखिया, १४ वर्षीय रानीकुमारी महतो, १४ वर्षीय सुशीला कुमारी महतो र १५ वर्षीय राजाबाबु शर्मा छन् । घाइतेहरूको सिम्रौनगढ र कलैयास्थित अस्पतालमा उपचार भइरहेको छ । घाइतेको अवस्था सामान्य रहेको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक विजयराज पण्डितले जानकारी दिए । घर लिपपोतका लागि माटो खन्ने क्रममा ढिस्को खसेको हो । घाइतेहरूको नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीयको सहयोगमा उद्धार गरिएको थियो ।

# समितिको स्वामित्वमा रामजानकी मन्दिर

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज–१० घडिअर्वास्थित रामजानकी मन्दिरको सञ्चालन र व्यवस्थापनको जिम्मा रामजानकी मन्दिर सञ्चालन तथा व्यवस्थापन समितिले लिएको छ ।

शनिबार बिहान मन्दिर प्रांगणमा वडा समिति कार्यालयको आह्वानमा बसेको वडाबासीको सार्वजनिक भेलाले मन्दिर सञ्चालन तथा व्यवस्थापन समितिलाई जिम्मा दिने सर्वसम्मत निर्णय गरेको हो । बैठकको अध्यक्षता वडा नं. १० का वडाध्यक्ष सुशील साह कानुले गरेका थिए ।

भेलाले दीपावलीको अवसरमा मन्दिर परिसरमा भव्य दीप प्रज्वलन गर्ने निर्णय गरेको छ ।

वडाध्यक्ष कानुले सञ्चारकर्मीहरूसँग कुरा गर्दै विगत ४० वर्षदेखि मन्दिरमा चढ्ने भेटीको व्यवस्थापन पुजारी शम्भुनाथ तिवारीको कब्जामा थियो । अब मन्दिरलाई समितिले व्यवस्थित रूपमा सञ्चालन गर्नेछ र नयाँ पुजारी नियुक्त गर्ने बताए । बैठकमा वीरगंज महानगरपालिकाको प्रतिनिधिका रूपमा सहभागी सार्वजनिक सम्पदा संरक्षण संवर्धन समितिका संयोजक प्रेमबाबु पटेलले रामजानकी मन्दिर महानगरपालिका र वडा नं. १० को ऐतिहासिक सम्पदा भएकाले यसको संरक्षण र संवद्र्धनका लागि आवश्यक सहयोग महानगरपालिका तयार रहेको बताए । साथै, भेलाले समितिको सदस्य संख्या ११ बाट १५ पु¥याउने निर्णय गरेको छ । नयाँ सदस्यमा सन्तोष साह कानु, विपिन बंशल, विशाल महतो, मदन गुप्ता र रेखाकुमारी जोशी थपिएका छन् । समितिले विधान निर्माण गरिसकेको र अब जिल्ला प्रशासन कार्यालयमा दर्ताको प्रक्रिया अघि बढाइने समितिका सचिव प्रभाकर गुप्ताले जानकारी दिए ।

# 'भारत जाने तयारीमा थिए केशर, नफर्कने गरी अस्ताए'

**कैलाली ।**
घोडाघोडी–८ कि अस्मिता थापाको अनुहार पीडाले थिचिएको छ । घर वरिपरी सन्नाटा छाएको छ । हाँसो गुञ्जिने आँगनमा अहिले रुवाबासी चलेको छ । शुक्रबार राति अस्मिताका श्रीमान् २८ वर्षीय केशर बुढाको घाँटी काटेर हत्या भएपछि उनलाई खपिनसक्नु भएको हो ।

भारतमा मजदुरी गरी परिवार पाल्दै आउनुभएका बुढा शनिवार भारतको गुजरात जाने तयारीमा छन । शुक्रबार श्रीमतीसँग मिलेर आवश्यक सामग्री जुटाउने काम सकिएको थियो । 'भोलि जान्छु, जुत्ता, लुगासहित आवश्यक सामग्रीको व्यवस्था गरौँ भनेर भने,' रुँदै केशरकी श्रीमतीले भने, 'आज आफैँ कहिल्यै नफर्कने गरी हामीलाई छोडेर गए ।'

शुक्रबार साँझ केशर रिचार्जकार्ड किनेर आउँछु भन्दै घरबाट निस्कनुभएको बताउँदै अस्मिताले राति अबेरसम्म पनि केशर नफर्केपछि चिन्ता बढेको उल्लेख गरे । 'केशर अबेर रातिसम्म पनि घर नआउँदा तनाब भएपनि फर्किन्छन भन्ने आशा थियो । समय घर्किंदै जाँदा केशर आएनन्, तर केशर जस्तै देखिने एक युवकको घाँटी रेटिएको अवस्थामा शव फेला परेको छ, भन्दै प्रहरी घरमा पुगे,' उनले भने ।

हत्या गरिएको शव केशरको नहोस् भनेर मनमा प्रार्थना गर्दै घटनास्थल पुगेको भन्दै अस्मिताले काटिएको शरीर केशरकै रहेको पुष्टि भएको बताए । 'शव नजिक पुग्दा मेरो सारा संसार थामिएझैँ भयो । रिचार्जकार्ड किनेर फर्किहाल्छु भन्ने केशर अब कहिले नफर्कने गरी अस्ताइसकेका थिए । केशरले घर चलाउन भारतमा श्रम गर्ने गर्थे । तीन सन्तानको भविष्य उनको हातमा थियो,' उनले भने ।

के थियो घटना ?

'गएराति ११ बजेतिर केशरको हत्या गरी टाउको प्लास्टिकको झोलामा बोकेर १८ वर्षीय बलबहादुर विक र १९ वर्षीया गङ्गा बुढा क्षेत्री घोडाघोडी नगरपालिका–६ स्थित प्रतिखेतमा हिँडिरहेका थिए । अस्थायी प्रहरी पोस्टमा ड्युटीमा खटिएका कर्मचारीले उनीहरूलाई देखेर सोधपुछ गरेपछि बलबहादुर र गङ्गाले हत्या गरी टाउको बोकेर ल्याएको बताएका थिए । त्यसपछि इलाका प्रहरी कार्यालय सुखडमा खबर गरियो । खबर पाएलगत्तै इलाका प्रहरी कार्यालय सुखडबाट मेरो नेतृत्वमा प्रहरीको टोली घटनास्थल पुगेको हो,' प्रमुख प्रहरी नायब उपरीक्षक रमेशदत्त अवस्थीले भने ।


'राति ११ बजेतिर खबर आयो 'एकजनालाई मारियो' भनेर । त्यसपछि हामी घटनास्थल पुग्यौं,' उनले भने । अवस्थीका अनुसार टाउको एकातिर र शरीर एकातिर भएको अवस्थामा शव फेला परेकाले कसको हत्या भएको हो भन्ने थाहा पाउन शुरुमा समस्या भएको थियो । खोजी गर्दै जाँदा हत्या भएका व्यक्तिको मोबाइल फुटेको अवस्थामा फेला परेको जनाउँदै उनले भने, 'फोन गर्दै जाँदा माइजू नाता पर्ने फेला पर्नुभयो ।'

प्रहरी नायब उपरीक्षक अवस्थीले माइजू नाता पर्ने घटनास्थल पुगेपछि केशरको घरमा प्रहरी पुगेको जानकारी दिए । उनका अनुसार बिहान ३ बजेतिर मात्रै केशर बुढाको हत्या भएको हो भन्ने कुरा पत्ता लागेको थियो ।

घटनाको कारण सामान्य विवाद रहेको अवस्थीले बताए । 'हत्या गरिएका केशर र हत्या गर्नेहरूबीच चिनजान नै रहेनछ । रक्सी खाने क्रममा होटेलमा उनीहरूको भेट भएको थियो । सोधपुछका क्रममा विवाद हुँदा केशरले गालीगलौँच गरेपछि हत्या गरेको बलबहादुर र गङ्गाले बताएका छन,' उनले भने । अहिले पोस्टमार्टमका लागि शव टिकापुर पठाउने तयारी भइरहेको उनले जानकारी दिए ।

यो घटनाले जरही गाउँमा त्रास फैलिएको छ । स्थानीयको भनाइ अनुसार घरमा छोराछोरीलाई छाडेर यो गाउँका अधिकांश युवा रोजगारीका लागि भारत गएका छन् । अभिभावकविहीन अवस्थामा रहेका किशोरकिशोरीलाई सम्झाउने, बुझाउने कोही नहुँदा यस्ता घटनाको जोखिम हुने गरेको स्थानीय बताउँछन् ।

होटेल सञ्चालक रत्न सिजालीले भने, 'दुई वर्ष अघि यो ठाउँमा बसाइँसराइ गरेर आएको हुँ, अहिले किन आए भन्ने भएको छ । यो मात्रै होइन यहाँ अन्य घटना पनि भइरहन्छन् । हिजो घटना भएका युवा पनि मेरै होटलमा आएर रक्सी खाएका थिए । नदिँदा भने तोडफोड गर्देलान् भन्ने डर लाग्छ, दिँदा यस्ता घटना हुन्छन् । रासस




# होम एन्ड अवे फरम्याटमा खेल्न तयार छैनौँ



**काठमाडौँ ।**
शहीद स्मारक ए डिभिजन लिगका क्लबहरूले होम एन्ड अवे फरम्याटमा यस सिजनको लिग खेल्न आफूहरू तयार नरहेको बताएको छ ।

ललितपुरको कुपण्डोलमा शनिवार पत्रकार सम्मेलन आयोजना गर्दै शीर्ष डिभिजनका नौ वटा क्लबले छोटो समयको तयारीबाट होम एन्ड अवे फरम्याटमा लिग गर्नु आफूहरुका लागि मान्य नहुने बताएका छन् ।

अखिल नेपाल फुटबल संघ (एन्फा) ले लिगबारे छलफल गर्न बोलाइएको बैठकअघि नै सशर्ष डिभिजनका ९ क्लबले पत्रकार सम्मेलन गर्दै दबाब दिएको हो । शीर्ष डिभिजनका ९ क्लबले लिग व्यवस्थापन र संरचनामा व्यापक सुधारको माग गरेका छन् । एन्फाले गत असोज ४ गते पत्रमार्फत शीर्ष डिभिजनका क्लबलाई असोज २६ गते लागि बैठक बोलाएको छ। तर, त्यो बैठक अगाडि नै क्लबहरूले एन्फाले आयोजना गर्न लागेको लिगमा व्यापक सुधार आवश्यक रहेको माग गरेका छन् ।

एन्फाले आगामी पुसदेखि सहिद स्मारक ए डिभिजन लिग गर्ने तयारी गरेको छ । त्यसका लागि एन्फाले केही तयारी पनि अगाडि बढाइसकेको छ । सोही बैठक अगाडि १४ मध्ये नौवटा क्लबले लिगमा व्यापक सुधारको माग राख्दै जवाफ दिएका छन् ।

आइतबारको बैठकमा शहीद स्मारक 'ए' डिभिजन लिग र जेनजी आन्दोलनका कारण रोकिएका अन्य प्रतियोगिताहरू सुचारु गर्ने विषयमा छलफल गर्दैछ । बैठकमा एन्फा यु–१६ युथ लिगका बारे पनि छलफल हुनेछ ।

एन्फाका पूर्वअध्यक्ष कर्माछिरिङ शेर्पाको नेतृत्वमा आयोजित पत्रकार सम्मेलनमा न्युरोड टिम (एनआरटी), फ्रेन्ड्स क्लब, श्री भगवती क्लब, चर्च ब्वाइज युनाइटेड, मनाङ मस्र्याङ्दी क्लब, सातदोबाटो युथ क्लब, संकटा क्लब र मछिन्द्र क्लबका पदाधिकारीको उपस्थिति थियो ।

क्लबहरूले नेपाली फुटबलमा व्यावसायिकता, पारदर्शिता र निष्पक्षता सुनिश्चित गर्न एन्फाले आधारभूत मुद्दाहरूलाई सम्बोधन गर्नुपर्नेमा जोड दिएका छन् । क्लबहरूले एन्फालाई एसियाली फुटबल महासंघ ९एएफसी०सँग समन्वय गरी लिग सञ्चालन गर्न पूर्ण अधिकारसहितको स्वतन्त्र लिग समिति गठन गर्न आग्रह गरेका छन् ।

समितिलाई आर्थिक, कानुनी, निष्पक्ष तथा व्यवस्थित तरिकाले लिग व्यवस्थापन गर्न अधिकार दिनुपर्ने क्लबहरूको माग छ ।त्यस्तै क्लबहरूले एन्फाले लिग आयोजना गर्नुभन्दा पहिले उचित पूर्वाधारमा सहयोग उपलब्ध गराउनुपर्नेमा जोड दिँदै 'होम एन्ड अवे' खेलका बारेमा स्पष्ट प्रावधान माग गरेका छन् । एन्फाले एएफसी र एन्फा स्वयमको मापदण्ड अनुरूप कम्तीमा १० वर्षको लागि घरेलु मैदानको कानुनी अधिग्रहणलाई सहज बनाउन माग गरेका छन् ।

क्लबहरूको जारी विज्ञप्तिमा अन्तर्राष्ट्रिय अभ्यास अनुसार क्लबहरूलाई 'टिम लजिस्टिक' र खेल सञ्चालन खर्च उपलब्ध गराउन र शीर्ष ६ भित्र अटाउने क्लबहरूको पुरस्कार रकम बढाउने माग पनि उल्लेख गरिएको छ । यसैगरी सम्बन्धित सरकारी निकायहरूसँगको समन्वयमा नेपालको कानुनअन्तर्गत 'म्याच फिक्सिङ' र सट्टेबाजी जस्ता आपराधिक कार्यलाई कडाईका साथ रोक्न आधिकारिक निकाय गठन गर्ने प्रस्ताव पनि क्लबहरूले गरेका छन् ।

एएफसी क्लब लाइसेन्स मापदण्डहरू पूरा गर्नुपर्ने आवश्यकतालाई जोड दिँदै एन्फालाई लिग शुरु हुनुभन्दाअघि नै सबै १४ टोलीले आवश्यक मापदण्डहरू पूरा गर्न सक्ने वातावरण सिर्जना गर्न क्लबहरूले आग्रह गरेका छन् । यसबिच सहभागी सबै टोलीसँग परामर्श र सहमतिपछि मात्र लिग 'मोडेल' र प्रतिस्पर्धाका नियमहरूलाई अन्तिम रूप दिन जोड दिइएको छ ।

# दुई लाखको पटाकासहित मोटरसाइकल बरामद

**मधेशदृष्टि**
**बारा ।**
बाराको आदर्शकोतवाल गाउँपालिका–३ भटिनियाँमा सशस्त्र प्रहरीले भारतबाट अवैध रूपमा नेपाल भित्र्याइँदै गरेको लाखौं रुपैयाँ मूल्य बराबरको 'नागिन' पटाका बरामद गरी नष्ट गरेको छ । सशस्त्र प्रहरी नायब निरीक्षक संजय यादवको नेतृत्वमा खटिएको पाँच सदस्यीय टोलीले शुक्रबार भारततर्फबाट नेपाल भित्र्याइँदै गरेको तीन वटा मोटरसाइकलमा लोड गरिएको पटाका फेला पारेको हो । बरामद पटाकाको मूल्य करिब २ लाख ५ हजार र मोटरसाइकलको मूल्य करिब ३ लाख रुपैयाँ रहेको जानकारी सशस्त्र प्रहरी उपरीक्षक खुमबहादुर केसीले दिए । बरामद पटाका सशस्त्र प्रहरी बल नम्बर १२ गणको हेडक्वार्टर परिसरभित्रको पोखरीमा सुरक्षित रूपमा नष्ट गरिएको छ । दीपावली नजिकिँदै गर्दा अवैध पटाका व्यापार बढ्ने भएकाले सुरक्षा सतर्कता पनि उच्च गरिएको सशस्त्र प्रहरीले जनाएको छ ।





**पोखरी सरसफाइः** दीपावली तथा छठ पर्वको अवसरमा सर्लाहीको मलङ्वा नगरपालिका–९ स्थित जनसागर पोखरी सरसफाइ गर्दै हिन्दु सम्राट सेनाका प्रतिनिधि तथा स्थानीय युवा । तस्बिरः रासस

# कार्यालय मर्मतपछि राजस्व सङ्कलन शुरु

**जनकपुरधाम ।**
जेन्जीको प्रर्दशनका क्रममा आगजनी तथा तोडफोडका कारण क्षतिग्रस्त भई सेवा बन्द भएको आन्तरिक राजस्व कार्यालयबाट शनिबारदेखि राजस्व सङ्कलन तथा सेवा प्रवाहको कार्य शुरु भएको छ ।
कार्यालयको भौतिक सामग्रीको खरिद, मर्मत सम्भार, सरसफाइ तथा रङरोगन गरी कार्यालय सञ्चालन भएको कार्यालयले जनाएको छ । भदौ २३ र २४ गतेको जेन्जीको प्रदर्शनक्रममा जनकपुरधामस्थित विभिन्न कार्यालयमा तोडफोड तथा आगजनीको भएको थियो ।
आगजनी तथा तोडफोडबाट कार्यालयको करिब दुई करोड ५० लाख रुपैयाँ बराबरको भौतिक सम्पत्ति जलेर नष्ट भएको कार्यालय प्रमुख आनन्दप्रसाद गुप्ताले जानकारी दिए । यसक्रममा कार्यालय हाताभित्र रहेको चारपाङ्ग्रे दुई गाडी तथा पाँच मोटरसाइकल, फर्निचर, कम्प्युटर, ल्यापटप तथा कागजपत्र, राजस्व स्टीकर, पाले घरलगायत कार्यालयका कोठा जलेर नष्ट भएका थिए । कार्यालय मर्मत सुधार भएपछि विस्तारै सेवा शुरु गरिएको तथा सेवाग्रही राजस्व वुझाउन आउन थालेका छन् ।

# मोतियाविन्दु बिरामीको निःशुल्क शल्यक्रिया

**सिरहा ।**
लहान नगरपालिकाको आर्थिक र सगरमाथा चौधरी आँखा अस्पतालको प्राविधिक सहयोगमा सञ्चालित शिविरबाट पहिचान गरिएका ५० जना मोतियाबिन्दु बिरामीको चौधरी आँखा अस्पतालमा निःशुल्क शल्यक्रिया गरिएको छ । असोज २२ गते राजदेवी मन्दिर प्राङ्गणमा निःशुल्क आँखा जाँच शिविर आयोजना गरिएको थियो । शिविरमा ३ सय १ जनाको आँखा जाँच गर्दा ९६ जनामा मोतियाबिन्दु फेला परेको थियो । मोतियाबिन्दु भेटिएकामध्ये पहिलो चरणमा ५० जनाको निःशुल्क शल्यक्रिया गरिएको हो । अन्य ४६ जनाको शनिबार शल्यक्रिया गरिने वडाध्यक्ष तेज नारायण चौधरीले जानकारी दिए । शल्यक्रियापछि डिस्चार्ज भएका बिरामीहरूलाई नगरप्रमुख महेशप्रसाद चौधरीले शनिबार अस्पताल पुगी उनीहरूलाई फलफूल वितरण गरेका थिए । साथै उनले बिरामीहरूलाई नगर बसमार्फत आआफ्ना घरसम्म पु¥याउने व्यवस्था मिलाइएको बताए ।

# महोत्तरीको जनजीवन सामान्य बन्दै

**महोत्तरी ।**
एक साताअघिको अविरल वर्षासँगैको बाढीले डुबानमा पर्दा असहज बनेको यहाँको जनजीवन अब क्रमशः सामान्य हुँदैछ । यसै असोजको १७, १८ र १९ गते परेको पानीले जतातत्तै डुबानमा परेर अस्तव्यस्त पारेको जनजीवन गत सोमबारदेखि थामिएपछि अब क्रमशः सामान्य बन्दै गएको हो ।
डुबानले अत्यधिक प्रभाव पारेको जिल्ला सदरमुकाम जलेश्वरका बस्तीमा अब पानी सुक्दैछ । जिल्लाका सबै (१५ वटै) स्थानीय तहमा कतै कटान र कतै डुबानले जनजीवन अस्तव्यस्त बनाए पनि सबैभन्दा बढी जलेश्वर नगर क्षेत्र प्रभावित बनेको थियो । जिल्लाको शिरानदेखि पुछारसम्म बग्ने रातु नदीको तटबन्ध ठाउँठाउँ भत्किँदा बाढीको पानी जलेश्वर नगरक्षेत्रका बस्तीमा पसेर डुबानमा परेको थियो ।
अहिले पछिल्ला छ दिनयता लगातार घाम लाग्दै आएपछि डुबानमा रहेका ठाउँको पानी बगाउन सकिएको र सुक्दै पनि गएको जलेश्वरका नगर प्रमुख सुरेश साह सोनार बताउनुहुन्छ । यहाँका मुख्य पाँच नदी रातु, मरहा, ओक्सी, बाँके र कुटमेश्वरीको बाढी बस्तीमा पस्दा भारतीय सीमावर्ती बस्ती डुबानले बढी प्रभावित भएका थिए । अन्य ठाउँको डुबानको पानी सुकिसके पनि जलेश्वर नगर क्षेत्रका केही ठाउँमा भने अझै हिलो पानी सुकिसकेको छैन ।
रातु नदीको तटबन्ध बाढीले चार ठाउँ भत्काएको थियो । जलेश्वर मुख्य नगर क्षेत्रका कैयन कार्यालय परिसर डुबानमा परेका थिए । प्रादेशिक अस्पताल जलेश्वर, विद्युत् प्राधिकरण कार्यालय, जलेश्वर नगर कार्यपालिकाको कार्यालय र कारागार लामो समयसम्म डुबानमा रहे । 'अहिले अन्य ठाउँको हिलो पानी सुकेपनि कारागारमा भने अझै सुकिसकेको छैन,' नगरप्रमुख सोनार भन्छन्, 'बजार क्षेत्र र बस्तीभित्रका सडकको पानी भने अब सुकेको छ ।'
डुबानको पानी सुक्दै गएपछि हिँडडुल सहज भएसँगै जनजीवन क्रमशः सामान्य बन्दै गएको सोनारको भनाइ छ । जलेश्वरमा बाढीको बहावमा परेर गत बुधबार एक किशोरको मृत्यु पनि भयो । डुबानले जिल्लाको धानबालीलगायत अन्य फसलमा निकै क्षति गरेको छ । माछा पालेका पोखरीमा बाढी पस्दा १० करोड रुपैयाँ बढीको माछा बगेर नोक्सान भएको कृषि ज्ञान केन्द्रले जनाएको छ ।
यसैगरी, रातु नदीको तटबन्ध भत्किँदा नै रु १५ करोड बढीको क्षति आँकलन गरिएको प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद रिसालले बताए । असोज तेस्रो साताको वर्षा र बाढीले जिल्ला सदरमुकाम जलेश्वर नगरसँग बाहिरी सडक सञ्जालको डुबान तथा ठाउँठाउँको कटानले सम्पर्क टुटेको थियो । अब भने जलेश्वर–मटिहानी, जलेश्वर–बर्दिबास, जलेश्वर–भिट्ठामोर र जलेश्वर–सम्सीसहितका सडकमा यातायात सञ्चालन भएको छ ।
पछिल्ला पाँच–छ दिन डुबानले बन्द रहेको जलेश्वर मुख्य बजारका पसल अब सञ्चालनमा आएका छन् । दशैंभित्रै बाढी र डुबानले हण्डर खेपेका यहाँका सर्वसाधारण आउँदै गरेको दीपावली र छठ पर्वको तयारीमा जुट्न थालेसँगै बजारमा चहलपहल पनि बढ्दै गएको छ ।

# हैजा विरुद्धको खोप अभियान शुरु हुँदै



**वीरगंज ।**
सरकारले वीरगंजमा डेढ महिनाअघि देखिएको हैजा र झाडापखालाको महामारी रोकथामका लागि पर्सा र बारा जिल्लामा भोली आइतबार देखी हैजा विरुद्धको खोप अभियान शुरु गर्ने भएको छ ।
वीरगंज महानगरसहित पर्साका केही पालिकामा भदौ ६ गतेदेखि हैजा र झाडापखालाको महामारी फैलिएकोमा हालपनि अस्पतालमा झाडापखालाका बिरामी उपचाररत छन् । वीरगंजसहित पर्सामा डेढ महिना पहिले फैलिएको हैजाको प्रकोप पूर्ण रुपमा नियन्त्रणमा अझै आइनसकेको कारणले सरकारले पर्सा र छिमेकी जिल्ला बारामा एकैसाथ हैजा विरुद्धको खोप अभियान सञ्चालन गर्न लागेको हो । दुवै जिल्लाका लागि गरी सरकारले विदेशबाट १० लाख १८ हजार १ सय डोज (खोप) नेपालमा आयात गरिसकेको छ ।
पर्सा जिल्लामा आज आइतबारदेखि हैजाविरुद्धको खोप अभियान सञ्चालन गर्न लागिएको स्वास्थ्य कार्यालय पर्साका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरले जानकारी दिए । खोप अभियानमा खटिने स्वास्थ्यकर्मीहरूको अभिमुखीकरणका लागि वीरगंजमा आयोजित अभिमुखीकरण कार्यक्रममा ठाकुरले असोज २६ देखि कात्तिक २ गतेसम्म चल्ने अभियानमा जिल्लाका ६ लाख ५४ हजार जनालाई हैजाविरुद्धको खोप दिइने जानकारी दिए ।
१ वर्ष माथि उमेर भएका सबै व्यक्तिलाई हैजाविरुद्धको खोप दिइने उनले बताए । हैजा विरुद्धको खोप अभियानका लागि जिल्लाका १४ वटै पालिकामा गरी १ हजार ९ सय ५० वटा खोप केन्द्र स्थापना गरिने छ । जिल्लाका १४ वटै पालिका कार्यालय, सबै वडा कार्यालय, सरकारी तथा निजी अस्पताल,सबै सामुदायिक तथा निजी विद्यालय, कलेज,सबै सरकारी कार्यालय, गैरसरकारी सङ्घसंस्थाका कार्यालय, नियमित खोप सेवा सञ्चालन हुँदै आएका बाह्य खोप केन्द्रहरू, मन्दिर, मस्जिद, चर्च, गुम्बा, बसपार्क, नेपाल भारत सीमा नाका,उद्योग कलकारखाना सबैमा खोप केन्द्र स्थापना गरिने ठाकुरले बताए ।
हैजारिुद्धको खोप अभियानका लागि पर्सा जिल्लामा महिला स्वास्थ्य स्वयंसेविका १ हजार ५ सय ४४ जना र स्वास्थ्यकर्मी ३ सय ५० जना गरी १ हजार ८ सय ९४ जना जनशक्ति परिचालन गरिने जानकारी दिए । हैजा प्रभावित स्थान र आसपासका मानिसलाई हैजा रोग लाग्नबाट जोगाउनका लागि तथा हैजा फैलिएको स्थानबाट अन्य स्थानमा हैजा फैलनबाट रोक्नका लागि यो खोप अभियान सञ्चालन गर्न लागिएको ठाकुरले बताए ।
छिमेकी बारा जिल्लामा भने १६ पालिकामध्ये कलैया र जीतपुरसिमरा उपमहानगरपालिका, परवानीपुर, प्रसौनी,फेटा र विश्रामपुर गाउँपालिका गरी ६ वटा पालिकामा पनि हैजा विरुद्धको खोप अभियान असोज २६ गतेदेखि नै सञ्चालन हुन लागेको जानकारी पनि ठाकुरले दिए ।

# प्रधानाध्यापक र सहयोगी घुससहित रंगेहात पक्राउ

**मधेशदृष्टि**
**रौतहट ।**
देवाही गोनाही नगरपालिका–९ धरहरीमा रहेको जय किसान नमूना माध्यमिक विद्यालयका प्रधानाध्यापक सञ्जय प्रसाद साह घुस लिएको आरोपमा पक्राउ परेका छन् । उनलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले शुक्रवार राति आफ्नै निवासबाट नियन्त्रणमा लिएको हो ।प्रधानाध्यापक साहले विद्यालयमा शनिवार निर्धारित माध्यमिक तह (द्वितीय) विज्ञान विषयको शिक्षक नियुक्ति परीक्षामा उत्तीर्ण गरिदिने आश्वासन दिँदै एक शिक्षकसँग साढे चार लाख रुपैयाँ घुस मागेको आरोप छ । अख्तियार स्रोतका अनुसार, वीरगंजका एक शिक्षकले आवेदन फारम भरेपछि साहका सहयोगी अरविन्द्र प्रकाश साहमार्फत रकम मागिएको जानकारी आयोगलाई प्राप्त भएको थियो । त्यसकै आधारमा अख्तियारको टोलीले वीरगंजस्थित राधेमाई स्वीट्स एण्ड भोजनालयमा अरविन्द्रलाई रंगेहात पक्राउ गरेको बताइएको छ ।
सोही क्रममा टोलीले धरहरी पुगेर प्रधानाध्यापक साहलाई समेत नियन्त्रणमा लिएको हो । पक्राउ पर्नुभएका दुवै जनालाई थप अनुसन्धानका लागि शुक्रवार राति नै काठमाडौँ लगिएको आयोग स्रोतले जनाएको छ ।
यस विषयमा प्रतिक्रिया दिँदै रौतहट प्रहरी प्रमुख एसपी नेत्रमणि गिरीले भने, 'शिक्षक नियुक्तिसँग सम्बन्धित घुस प्रकरण भएको भन्ने सूचना पाइएको छ । अहिले अख्तियारको टोलीले अनुसन्धानका लागि काठमाडौँ लगिएको छ ।' उनले विस्तृत विवरण अनुसन्धानपछि मात्र स्पष्ट हुने बताए ।

# जेन्जी आन्दोलनमा गोलीले घाइते थापा सम्मानित



**मधेशदृष्टि**
**वीरगंज ।**
जेन्जी आन्दोलनमा गोली लागी घाइते भएका पर्साको ठोरी गाउँपालिका बडा नम्बर–२ इच्छानगरका युवा नेत्रबहादुर थापा सम्मानित भएका छन् ।
स्वर्गीय रामबहादुर श्रेष्ठको स्मृतिमा आयोजित 'चौथो ठोरी गोल्ड कप–२०८२' को अवसरमा आयोजित विशेष कार्यक्रममा थापालाई ठोरी गाउँपालिका अध्यक्ष लालबहादुर श्रेष्ठ र पर्सागढी नगरपालिका मेयर गोकर्ण पाठकले दोसल्ला र सम्मानपत्र प्रदान गर्दै सम्मान गरेका हो ।
कार्यक्रममा बोल्दै ठोरी गाउँपालिकाका अध्यक्ष श्रेष्ठले न्याय, समता र रूपान्तरणका लागि ज्यानको प्रवाह नगरी सङ्घर्षमा होमिएका थापाको साहस प्रेरणादायक भएको बताए । त्यस्तै, मेयर पाठकले थापाको आत्मबल र सङ्घर्षले पर्सा जिल्लाको मात्रै नभई सम्पूर्ण देशको गौरव बढाएको उल्लेख गरे । थापालाई गरिएको यो सम्मानले देशभरका युवा पुस्तामा समानता, न्याय र सामाजिक रूपान्तरणप्रतिको भावना अझ बलियो हुने विश्वास आयोजकहरूले व्यक्त गरेका छन् ।

# लुकाएर गाँजा बोक्ने दुई पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको विन्दवासिनी गाउँपालिका–४, अमरपट्टीबाट सशस्त्र प्रहरीले ठूलो परिमाणमा गाँजासहित दुई जनालाई पक्राउ गरेको छ । बोर्डर आउटपोस्ट अमरपट्टीबाट खटिएको गस्ती टोलीले शनिबार दिउँसो ३:२० बजे ५ किलोग्राम गाँजा बरामद गरेको हो । नेपालबाट भारतत जाँदैगरेको ना१३प ४६१८ नम्बरको मोटरसाइकललाई रोकेर चेकजाँच गर्दा उनीहरूले शरीरभित्र र मोटरसाइकलको सिटमुनि गाँजा लुकाएका थिए । पक्राउ पर्नेहरूमा पर्सागढी नगरपालिका–९ बस्ने करिब २९ वर्षीय गोपाल यादव र जगरनाथपुर गाउँपालिका–६ बस्ने करिब १९ वर्षीय गौतम पटेल छन् । उनीहरूको साथबाट गाँजासहित मोटरसाइकल, मोबाइल, घडी र नगद २ सय २० रुपैयाँ पनि बरामद भएको छ ।
दुवैलाई थप कारबाहीका लागि नेपाल प्रहरीलाई बुझाउने तयारी भइरहेको सशस्त्र प्रहरीले जनाएको छ ।

# पटाका नष्ट, कार भन्सारमा

**मधेशदृष्टि**
**वीरगंज ।**
भारतको रक्सौलबाट पटाका लिएर आउँदै गरेको बा१२च ३१०३ नम्बरको कार वीरगंज भन्सार नाकामा सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको छ । कारबाट करिब ५० हजार रुपैयाँ मूल्य बराबरका विभिन्न ब्राण्डका ९ कार्टुन पटाका बरामद भएको छ । सशस्त्र प्रहरी नायब उपरीक्षक सुरज कार्कीका अनुसार, भन्सार गेटअगाडिको सडकमा नियमित चेकजाँचक्रममा कार रोक्न खोज्दा चालक कार छोडेर फरार भएका थिए । त्यसपछि प्रहरीले कारभित्र खानतलासी गर्दा पटाका फेला परेको थियो । बरामद पटाकालाई शुक्रबारै खाल्डोको पानीमा डुबाएर नष्ट गरिएको छ । बरामद कारको मूल्य १८ लाख रुपैयाँ अनुमान गरिएको छ र आवश्यक कारबाहीका लागि वीरगंज भन्सार कार्यालयमा बुझाइएको छ ।

सम्पादकीय

# चुनावका पक्षधर जेन्जी

*जेन्जी आन्दोलनका प्रतिनिधिले फागुन २१ गते तोकिएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा केन्द्रित हुन आग्रह गरेका छन् । उनीहरुले निर्वाचनमा भाग लिन राजनीतिक दललगायत सबै तह र तप्कालाई आह्वान गरेर निर्वाचन नै विकल्प भएको पुष्टि गरेका छन् । देशमा एकदलीय, एक वंशीय या सैन्य शासनको कल्पना गर्नेहरुलाई जेन्जीको यो आग्रह पनि चोटिलो पर्ने पक्का छ । केही भाँडभैलो मच्चाएर शासन व्यवस्था भत्काउन उदत देखिएका छन् ।*

*राष्ट्रपति भवन शितलनिवासमा प्रधानमन्त्री सुशीला कार्की र मन्त्रिपरिषद्का सदस्यहरुसँग छलफलपछि जेन्जी प्रतिनिधिहरुले निर्वाचनमा सबै दललाई भाग लिन आग्रह गरेका हुन् ।*

*संसदीय अभ्यासमा रहेका पुराना दलहरु निर्वाचनमा भाग नलिए चुनाव नहुने अवस्था हुने भएकाले पनि घोषित निर्वाचनलाई सदुपयोग गर्नुपर्छ भन्नेमा निष्कर्षमा जेन्जी पुस्ता छन् । उनीहरु पुराना दलहरुलाई पनि निर्वाचनमा आआफ्नो परीक्षणमा उत्रन अपिल गरिरहेका छन् ।*

*जेन्जी आन्दोलनका प्रतिनिधि मिराज ढुङ्गानाले निर्वाचन लोकतान्त्रिक प्रक्रिया भएकाले निर्वाचनमार्फत जनप्रतिनिधिको चयन हुने हुँदा स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचन होस् भन्ने चाहनामा दायाबाया नहुने बताउँछन् । यो नै देशमा सुशासन र दलीय शासन तथा लोकतन्त्रको सुदृढिकरणको अशल बाटो हो ।*

*धरपकड गर्ने, अदालत जलाउने, अख्तियार कब्जा गर्न खोज्ने एकाध स्वार्थीहरुले पनि आफूलाई जेन्जीको आवरणमा देशमा अशान्ति मच्चाइरहँदा यसपटक जेन्जी पुस्ताले निर्वाचनप्रति देखाएको विश्वास उत्कृष्ट छ । सडक आन्दोलनलाई उचाइमा पुऱ्याउन योगदान दिनेलाई समावेश गरेर सरकार बनाउने र त्यही सरकारले निर्वाचन गर्ने विषय पनि उनीहरुको मुद्दा बनेको छ । राष्ट्रपति रामचन्द्र पौडेलको आह्वानमा शुक्रबार अघिल्लो संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलका नेताहरु र सरकारबीच आगामी निर्वाचनका बारेमा छलफल भएको थियो । छलफलमा राजनीतिक दलका तर्फबाट चुनावका लागि शान्ति सुरक्षालगायत उपयुक्त वातावरण हुनुपर्ने धारणा व्यक्त भएको थियो भने सरकारकातर्फबाट राजनीतिक दलहरुलाई चुनावमा भाग लिन आग्रह गरिएको थियो । जेन्जी समुदायले पनि निर्वाचनलाई नै मूलमन्त्र मानेर गरेको अपिल सकारात्मक विषय हो ।*

# गगन–विश्वप्रकाशहरूलाई अन्तिम आग्रह



चन्द्र केसी

हामी हिजोसम्म लोकतन्त्रमा थियौँ कि लुटतन्त्रमा? सरकार कम्युनिस्टहरूको थियो कि 'कमाउनिस्ट'हरूको ? सरकार कांग्रेसको हुन्थ्यो कि 'खाऊँ–रेस'को ? राजनीतिक दल र नेताहरू परिवर्तनका संवाहक हुँदै गएका थिए कि अकूत सम्पत्तिको सपना बोकी हिँड्ने गुट या दिवंगत समाजवादी नेता प्रदीप गिरिको शब्दमा गिरोह ? के नेपालका विद्यमान राजनीतिक दल र तिनका नेता असीमित धनको प्राप्तिभन्दा पर पनि केही सोच्छन्? के तिनको अभीष्टमा पैसा र सत्ताबाहेक अरू केही छ ? नेपाली युवामाझ यी प्रश्न थिए । युवाका धमनी यिनै प्रश्नले उम्लिएका थिए । त्यसैको विस्फोट हो– जेन्जी विद्रोह ।

हाम्रोमा दिनरात नभनी गुणात्मक फड्को कुनै विषयले मारेको छ भने त्यो हो– भ्रष्टाचार । अस्ति लाख र करोडमा हुने भ्रष्टाचार आज अरबमा हुन थालेको छ । भ्रष्टाचारको चढ्दो ग्राफ जति गम्भीर थियो, त्योभन्दा गम्भीर त्यसप्रति हाम्रो मौनता र उदासीनता थियो । राजनीति र राजनीतिको संरक्षणमा भइरहेको भ्रष्टाचारमा राष्ट्रव्यापी रूपमा सशक्त प्रतिवाद हुन ढिला हुँदै गर्दा एक राष्ट्रको रूपमा देशको विघटन नजिकिँदै गएको आभास हुन्थ्यो । राजनीतिले गर्दै गरेको यो तहको आर्थिक अपराधमा हामी र हाम्रो पुस्ताले सशक्त प्रतिवाद नगर्नु थप अपराध थियो । आफ्नै भाग्य र भविष्यमाथि खेलबाड थियो । र, दलभित्रका युवा नेताको हैसियतले त्यसमा सशक्त हस्तक्षेप गर्न नसक्नु तपाईंहरूको कमजोरी थियो ।

हाम्रो राजनीति भित्रका सबै विसंगतिको मुख्य कारण नै लुट, लुट र लुटको असीमित चाहना हो । जसरी र जुनसुकै मूल्यमा कमाउने र कमाउनै पर्ने मनोवृत्तिले लोकतन्त्र लुटतन्त्रको रूपमा प्रतिस्थापित भएको हो । लोकतन्त्रभन्दा बलियो दलतन्त्र हुनु, दलतन्त्रभन्दा बलियो गुटतन्त्र हुनु र ती गुटभन्दा पनि ज्यादा गिरोहतन्त्र हुनुको पछाडि लुट मनोवृत्तिकै हात छ । राष्ट्रनिर्माणको मुहान (राजनीति) नै यसरी भ्रष्ट र पतित भएपछि देशका सबै तह र तप्कामा कुशासन र भ्रष्टाचार मात्र हुनु स्वाभाविक भएको छ ।

लोकतन्त्रको फगत प्रणालीको आवरणमा भइरहेका कुशासन र भ्रष्टाचारलाई जति हामी सहिरहेका थियौँ, त्यति नै अन्धकार, अनिश्चित र कष्टपूर्ण जीवनको भुमरीमा हामी धकेलिँदै थियौँ । यसरी, आफैँलाई प्रश्न गर्न ढिलाइ भइसकेको थियो । र, हाम्रो प्रतिनिधित्व गर्ने तपाईंहरू पार्टीभित्रको बन्धन, अन्धकार र अनिश्चिततामा अलमलिँदै गर्दा युवाहरूले ठूलो बलिदानी र मूल्यमा हामी सबैलाई बाटो देखाइदिए । षड्यन्त्र सिद्धान्तहरू कथ्नेहरूले अनेकन् भन्लान्, तर जेन्जी विद्रोह प्रश्नहरूको आगो हो ।

गगन र विश्वप्रकाशलगायत युवा कांग्रेसीजन,

लोकतन्त्र, गणतन्त्र त केबल प्रणालीको कुरा हो । यसलाई प्राण र गति भ्रष्टाचाररहित सुशासनले दिने हो । राजनीति र नेताको आर्थिक अनुशासन र त्यस प्रतिको प्रतिबद्धताले दिने हो । सुशासनको सुनिश्चितता नहुँदासम्म देश कुनै वादको गफले मात्र बन्दैन । उपयोगिताहीन ठानेर मलेसियाले छाडेको सिंगापुर आजको उचाइमा सुशासनको जगमै आइपुगेको हो । फ्रम थर्ड वल्ड टु फस्ट पुस्तकका अनुसार ली क्वान युले आफ्नो पहिलो मन्त्रीमण्डलको शपथमा सबै मन्त्रीलाई सफेद लुगा लगाउन भनेका थिए ।

सरकार सफा नभए सिंगापुरको समृद्धि असम्भव छ भन्ने सन्देश थियो सेतो–दागरहित पहिरनमा । त्यो सांकेतिक कदमसँगै उनले कठोरताका साथ साना–ठूला सबै भ्रष्टाचारका घटनामा मिहिन नजर राखे । आफ्नै क्याबिनेटका मन्त्रीहरू र सांसदलाई कारबाही गरे । यस क्रममा एक मन्त्रीले त आत्महत्या गरे । यसरी लीले सुशासनको जग सरकारबाटै सुनिश्चित हुनुपर्छ भन्दै गर्दा हाम्रोमा भने भ्रष्टाचारको विरोधमा उभिने शैलजा आचार्यजस्ता मन्त्रीहरू पदमुक्त हुँदै थिए । हामी भित्रको कुशासन र भ्रष्टाचार आजको होइन । कुरा धेरै र थोरैको मात्र हो । लिको देश आज पनि भ्रष्टाचारको सन्दर्भमा मध्यम दर्जामा छ ।

तर आज हाम्रा दैनिक अखबारका पाना कस्ता सूचनाले भरिएका छन् ? नेताहरूका घरबेटी को हुन् ? नेताहरू कसको संगतमा छन् ? दल फुटाउने र जुटाउने हैसियत किन दलाल व्यापारीले राख्दै छन् ? नेताहरूको विदेश उपचार, विदेश भ्रमण र भोजभतेरका आयोजना कसले गर्छन् ? शहरका ठूला कम्प्लेक्सहरू, नयाँ–नयाँ उद्योग र व्यापारमा कुन नेताको लगानी छ? नेताहरू मार्सी भातसँगै अरू के के खान्छन् ? यी प्रश्नहरूमा तपाईंहरूको भूमिका निर्णायक रहनुपर्ने थियो । नेपाली युवाको ढुकढुकी छाम्न नसक्नुले युवा नेता हुनुको अर्थ सिद्ध हुँदैन । यो समय तपाईंहरू पार्टीका सबै बन्धन र बाध्यताबाट निस्केर युवाहरूको मुद्दामा उभिने समय हो । यसमा अब एक मिनेट पनि ढिला नगर्नुहोस् ।

ठूलो राजनीतिक परिवर्तनपछि नेकपाको दरिलो जनमतमा बलियो सरकार बनेको थियो । तत्कालीन प्रधानमन्त्री ओली उमेरले पाका थिए । आफ्नै कोखको सन्तान नभएका कारण कतिले उनीमाथि अझै भरोसा गरेका थिए– केका लागि उनले भ्रष्टाचार गर्लान् र भनेर । दुनियाँलाई आशा थियो– भ्रष्टाचाररहित शासन । सरकारको नारा थियो समृद्धि । सरकारले विगत सरकारका कमजोरी सच्याउला भन्ने थियो । बहुदल आएयता सरकारमा गएका सबै नेताको सम्पत्तिको स्रोत खोज्ने, छानबिन गर्ने र कारबाही गर्ने अपेक्षा थियो । तर तत्कालीन नेकपा सरकारको गियरले पछाडिको यात्रा तय गर्‍यो । सरकार कुशासन र भ्रष्टाचार उत्पादनमा उच्च क्षमताको आधुनिक कारखाना भएर निस्कियो ।

समृद्धि र स्थायित्वको नारामा सत्तामा आइपुगेको तत्कालीन नेकपा कुशासन र भ्रष्टाचारको नर्कमा चुर्लुम्म डुब्यो । कुशासन र भ्रष्टाचारको होडबाजीले प्रतिपक्षमा पुगेको नेपाली कांग्रेस अलिकति पनि महसुस गर्ने र सुध्रिने चरणमै प्रवेश गरेन । त्यसपछि फेरि सत्तासीन भए कांग्रेस र माओवादी । त्यसपछि दुनियाँलाई नै चकित पार्ने प्रमुख प्रतिपक्षी र सत्तापक्षको गठबन्धन । न कुनै गम्भीर मुद्दा, न कुनै वैचारिक मतैक्यता, 'खानपिन' नै थियो त्यस गठबन्धनको उद्देश्य । अनियमितता र भ्रष्टाचारको एकोहोरो तथ्यहरू हाम्रासामु आउँदा पनि कुशासन र भ्रष्टाचारविरुद्ध 'प्रधान क्रोध' उत्पन्न नहुनु लामो विफलताका बाटोमा हामी जाँदैछौँ भन्ने गहिरा संकेत थिए । जेन्जीहरूको रगत त्यसै उम्लिएको होइन महोदय ।

एनसेल खरिद–बिक्री केही बदनाम पात्रहरूको अनुहार तत्कालीन प्रम केपी शर्मा ओलीले हेर्नुपरेन । बिना प्रक्रिया ३ खर्बको बुढीगण्डकी चीनको गेजुवालाई सुम्पिँदै सुरु भएको नेकपा सरकारको यात्रा वाइड बडी हुँदै एनसेल कर छुट, बालुवाटार जग्गा प्रकरण, सुन काण्ड, नेपाल टेलिकमको फोरजी ठेक्का, नेपाल ट्रस्ट अन्तर्गतका जग्गा–जमिनको लिज प्रक्रिया, यती होल्डिङ, सेक्युरिटी प्रेस खरिद, ओम्नी र भट्ट दाजुभाइसम्म आइपुग्दा नेकपा सरकार कुशासन र भ्रष्टाचार उत्पादनकै लागि मात्र बनेको हो जस्तो भएको थियो ।

बुढी गण्डकीमा २० प्रतिशत कमिसन (६० अर्ब) को खेल थियो भन्ने तर्क थियो । वाइड बडीमा संसद्को सार्वजनिक लेखा समितिले ६ अर्ब ५४ करोड घोटाला भएको निष्कर्ष निकाल्दै कारबाहीको सिफारिस गरेको थियो । एनसेललाई ३९ अर्ब ६ करोडमा २१ अर्ब १० करोड मात्र कर तिर्न सर्वोच्च अदालतले फैसला गरेको थियो । बालुवाटार जग्गा प्रकरणमा तत्कालीन पार्टी महासचिव र पूर्व प्रधानमन्त्री नेपालको नीतिगत मिलेमतो थियो । नेपाल टेलिकमको फोरजी झन्डै १५–१८ अर्ब मूल्याङ्कन बढाएर ठेक्का दिइएको थियो । सबै विषयमा यो स्तरकै आर्थिक अपराध भइरहेका थिए । ती सबै घोटाला र भ्रष्टाचारीको बचाउमा कमरेड प्रधानमन्त्री ओलीको तत्परता रह्यो । कांग्रेस–माओवादी सरकारले सुन र भुटानी शरणार्थी प्रकरणमा उन्मुक्ति दियो । ठूला तहका लेनदेनमा कांग्रेस–माओवादी सरकारको मिलेमतो हामी नागरिकमाथिको लगातारको अपराध थियो । फेरि विघटित कांग्रेस–एमाले सरकारले गिरीबन्धुमा 'बन्धुमन' देखायो । घुसका अडिओहरू आए । युवाहरूको जिउँदो र जाग्दो रगतले सहने कुरा थिएन ती भ्रष्टाचार प्रकरण ।

तपाईंहरूलाई प्रश्न,

नेपाली नेताहरू नेताजस्ता कम र दलाल–व्यापारीजस्ता ज्यादा लाग्नुका कारक यस्तै कुकर्म थिए । भ्रष्टाचारविरुद्ध कम्तीमा तपाईंहरूले युवाको साथ उभिएर सशक्त ढंगले बोल्नु र लेख्नुपर्ने थियो । किनकि यो व्यवस्थाका लागि लड्नुभएको पुस्ता हो तपाईंहरू । माथिका प्रश्नहरूले तपाईंहरूलाई कति पोल्यो या पोलेन, पार्टीभन्दा बाहिर देख्ने र सुन्नेगरी के भयो या के भएन, जेन्जी विद्रोह अब प्रमाणका रूपमा इतिहासमा पेस भइसकेको छ । माथिका प्रश्नहरूले सचेत युवालाई पोलेको ठहर भइसक्यो ।

जेन्जी–विद्रोहको शैलीबारे प्रशस्त बहस गर्न सकिएला, तर परिणाम गौरवपूर्ण छ । तपाईंहरूले परिकल्पना गरेको निस्कलंक, नागरिकप्रति डर राख्ने र उत्तरदायी राजनीतिको ढोका अब खुलेको छ । तपाईंहरूले अग्र मोर्चामा रहेर पार्टीलाई नेतृत्व दिने प्रयास होइन, निर्णायक धक्काका सबै अस्त्रको अब प्रयोग गर्नुहोस् । यो पार्टी हितका लागि मात्र होइन, जेन्जी विद्रोह, त्यसको मर्म रक्षा र जेन्जीको मेन्टरसीपका लागि पनि अपरिहार्य छ ।

भ्रष्टाचारमा साना साना कर्मचारीलाई कारबाही गर्दै ठूला तहका नेता उम्काएर अब समस्याको समाधान हुँदैन । भ्रष्टाचार नियन्त्रण गर्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोग सरकारको छाया मन्त्रालय भएको आरोप छ । यसको स्वायत्तता र निष्पक्षतामा प्रश्नैप्रश्न खडा छन् । यसको नेतृत्वमा आएका कार्की र बस्न्यातजस्ता पात्रले यसको गरिमा खस्काए । पहिल्यै विवादित र बदनाम पात्रको नियुक्तिमा नेताहरूको बाध्यता के र किन हुन्छ ?

बालुवाटार–सिंहदरबारमा मात्र होइन, कुशासन र भ्रष्टाचार वडा तहसम्म छ । ठूला नेता र प्रशासकदेखि सामान्य कार्यकर्ता र कर्मचारीसम्ममा छ । सरकार प्रमुख नै छाडा भएपछि अरूमा मनोबल स्वाभाविक बढ्ने नै भयो । नीतिगत भ्रष्टाचार र योजनाको उच्च मूल्यांकन भ्रष्टाचारभित्रका पनि नयाँ रोग हुन् । यो बाटोले देश नवनिर्माण हुँदै थियो ।

यस्तै अवस्था रहे, देश न समृद्ध बन्छ, न लोकतन्त्र नै बलियो हुन्छ । न गणतन्त्रले दरिलो गरी खुट्टा टेक्छ, न समाजवाद र कल्याणको सपना संविधानको किताबबाट बाहिर निस्कन्छ । युवा नेताहरू, राजनीति भित्रबाट निर्णायक पहल नहुनु राजनीतिक रूपमा घोर असफलता रह्यो, यो स्विकार्नुहोस् । यद्यपि, नेपाली युवाले आफ्नो तातो रगतको दायित्व साहसी र चमत्कारिक रूपमा फत्ते गरेका छन् । अब यसलाई सम्हाल्नुहोस् ।

जेन्जी विद्रोह अझै आन्दोलनकै तहमा छ । आगामी निर्वाचनमार्फत यसका असल प्रयत्न र पात्र प्रकट हुन सक्लान् । जे होस्, नेपाली राजनीति र भ्रष्टाचारबारे व्यापक प्रतिरोध, हस्तक्षेप र विमर्शको थालनी भएको छ । भ्रष्ट कर्मचारीतन्त्रविरुद्ध पनि सशक्त प्रतिरोध जरुरी छ । लोकतान्त्रिक गणतन्त्रका लागि मात्र होइन, काल्पनिकजस्तो लाग्ने सुशासनका लागि एउटा तिलस्मी आन्दोलनको सङ्खघोस भएको छ । यसलाई गन्तव्यमा पुर्‍याउन बाटो र गति दिन कमसेकम कांग्रेस पार्टीमा तपाईं महामन्त्रीद्वयको भूमिका महत्त्वपूर्ण रहनेछ । यद्यपि, कांग्रेसभित्र अन्य युवा र जेन्जी पुस्ता पनि छन्, तिनको भूमिका र अपेक्षालाई पनि उत्तिकै ख्याल गर्नुहोला ।

नेता होस् वा कर्मचारी, भ्रष्टाचारीले सत्ताको नभएर जेलको हावा खाने दिन नल्याएसम्म यो आन्दोलन रोकिनु हुँदैन । गगन–विश्वप्रकाशलगायत कांग्रेसी युवाले पार्टी हाँक्नु अबको सर्त हो । यो वा त्यो कुनै बहानामा समय नलिनुहोस् । नागरिक तहमा पार्टी र पार्टी नेतृत्वको यो तहको असफलता, घृणा, बदनाम, तिरस्कार र अस्वीकार्यतापछि पनि नेतृत्व बदल्न सक्नुहुन्न भने राजनीतिको घडा बिसाउनुहोस् ।

सकिन्छ भने विधि विधानमार्फत, सकिन्न भने बीपी स्मृति भवन सानेपाको खरानीमाथि उभिएर पार्टीको युग बदल्ने अधिवेशनको नेतृत्व गर्दै तत्काल नेतृत्व हत्याउनुहोला । र, 'यो समय चेतना' बोक्ने र बोक्न सक्ने कांग्रेस नवनिर्माणको जग बसाल्नुहोस् । महोदयहरू, हेक्का राख्नुहोस्— अब न समय रोकिने छ, न विकल्प नै रहने छ ।

देशलाई प्रदीप्त गर्न कांग्रेसमा दीप बल्न ढिला नहोस् । भदौ २३ गते परिवर्तनको हुटहुटी बोकेर हाम्रा लागि नयाँ युग ल्याउन हिँडेका ती वीर कलिला शहीदहरू सम्झिनुहोस् र नेतृत्व बदल्न कसिनुहोस् । यो अन्तिम चेतावनी र आग्रह दुवै हो ।–उकालो

# खोकीको औषधिका कारण जोखिम रोक्न के हुँदैछ ?



माधुरी महतो

भारतमा खोकीको औषधि अर्थात् कफ सिरपको सेवनबाट अढाई वर्ष मुनिका झन्डै दुई दर्जन बालबालिकाको मृत्यु भएको घटनापछि नेपालमा पनि सतर्कता अपनाउन आवश्यक रहेको डाक्टरहरू बताउँछन् ।

तीन वर्ष पहिले पनि सन् २०२२ मा भारतको औषधि नियामकले मेइडन फर्मास्यूटिकल्सले उत्पादन गरेका कफ सिरप दूषित रहेको भन्दै प्रयोगमा प्रतिबन्ध लगाएको थियो । कम्पनीको कफ सिरप उज्बेकिस्तानमा १९ र द गाम्बियामा ७० जना बालबालिकाको मृत्युसँग सम्बन्धित रहेको बताइएको थियो ।

खासगरी सीमा नाका र भारततर्फ ओहोरदोहोर गर्न सहज भएको नेपालका विभिन्न स्थानबाट खोकीका औषधि सहजै उपलब्ध हुने भएपछि जोखिम देखिएको डाक्टर उदयनारायण सिंहले बताए ।

उनी भन्छन्, 'मात्राभन्दा बढी सामग्री औषधिमा प्रयोग भएको अवस्थामा बालबालिका लगायत जो कोहीलाई पनि असर गर्न सक्छ ।' डाक्टर सिंहले कप सिरप बनाउने कम्पनीहरूले औषधीमा तत्त्वको मात्रामा ध्यान दिन आवश्यक रहेको बताए ।

रुघाखोकी लाग्ने बित्तिकै परामर्शविना यहीँको फार्मेसीबाट वा भारतीय सीमावर्ती शहरबाट खरिद गरेर औषधी खाइहाल्ने बानीमा सुधार ल्याउनुपर्ने अन्यथा स्वास्थ्यमा अझ जटिलता उत्पन्न हुन सक्ने उनी बताउँछन् ।

**नेपालमा कस्तो सावधानी अपनाइँदै छ ?**

खोकी लाग्ने बित्तिकै सिरप किनेर आफूखुशी खाने चलन रहेको बताउँदै अर्का डाक्टर अनुपम उपाध्यायले खोकी विभिन्न कारणले लाग्ने हुँदा सिरपले नै निको हुन्छ भन्ने मान्यता मस्तिष्कबाट हटाउन भने । उनले सामान्य खोकी लागेको बेला कफ सिरपको सट्टा घरेलु उपाय गर्नुपर्ने बताए ।

तर कुनै खोकी लाग्दा घरायसी उपाय उपयुक्त नहुने हुँदा चिकित्सकको सल्लाह लिएर मात्रै औषधि सेवन गर्न उनको सुझाव छ ।

औषधि उत्पादकहरूको छाता सङ्गठन औषधी उत्पादक सङ्घका कोषाध्यक्ष सुमित चन्द्र श्रेष्ठले तीन वर्ष पहिले पनि भारतमा उत्पादित खोकीको औषधि अर्थात् सिरप सेवन गर्दा विदेशमा बालबालिकाको ज्यान गएको घटनापछि करिब २ वर्षदेखि सावधानी अपनाउन थालिएको जानकारी दिए । उनले नेपालको कफ सिरप उत्पादन गर्ने ३० वटा कम्पनीहरू रहेको तथा भारतबाट आयात हुने औषधि समेतलाई पूर्ण परीक्षण गर्ने गरिएको दाबी गरे ।

उनले विगतमा भारत, बाङ्ग्लादेश र अफ्रिकामा कफ सिरपका कारण बालबालिकाको मृत्यु भएको घटना स्मरण गर्दै नेपालमा यस्ता घटना हुन नदिन कडा मापदण्ड अपनाइएको बताए । औषधि व्यवस्था विभागले औषधिको सुरक्षित प्रयोगबारे सूचना सार्वजनिक गर्दै आम नागरिक, स्वास्थ्यकर्मी र औषधि व्यवसायीलाई सावधानी अपनाउन आग्रह गरेको छ ।

औषधि व्यवस्था विभागका महानिर्देशक नारायणप्रसाद ढकालले पहिला पनि भारतमा यस्तो घटना हुँदा नेपालमा चर्चा हुने गरेको र विभागले तीन तवरले योजना बनाएर अगाडि बढेको बताएका छन् । उनले सरकारी निकायदेखि सर्वसाधारण , चिकित्सक , औषधि पसल लगायत सबै सम्बन्धितलाई पालना गर्नुपर्ने आवश्यक निर्देशन सहितको सूचना जारी गरिएको र सोही अनुसारको कडाइ पनि गरिएको बताए ।

नेपालमा भने डाइएथलिन ग्लाइकोल प्रयोग गरेर औषधि बनाउने काम नगरिएको औषधि व्यवस्था विभागको दाबी छ । रसायनहरूले मानिसको मिर्गौला र स्नायु प्रणालीमा क्षति पुर्‍याउने तथा स्वास्थ्यमा गम्भीर असर पुर्‍याउने भएकाले उक्त रसायनको प्रयोग नै नगरिएको बताइएको छ ।

महानिर्देशक ढकालका अनुसार नेपालमा आयात हुने उल्लेखित कच्चा पदार्थ मिश्रित झोल बनावटको औषधिको प्रत्येक ब्याचको इथिलिन ग्लाइकोल वा डाइथिलिन ग्लाइकोलयुक्त मिसावट नभएको सुनिश्चित गरेपश्चात् मात्रै आयात तथा बिक्री वितरण गर्नुपर्ने नियम कडाइका साथ लागु गरिएको छ । त्यस्तै उनले नेपालमा उत्पादित कफ सिरप वा अन्य तरल औषधिमा यी विषाक्त रसायनहरूको प्रयोग निषेधित रहेको र कुनै पनि ब्याचमा यस्तो सामग्री मिसिएको प्रमाणित भए तुरुन्तै विभागलाई जानकारी दिनुपर्ने गरी निर्देशन दिइएको जानकारी दिए ।

त्यसै गरी विभागमा दर्ता भएका औषधिहरू मात्रै प्रेस्क्रिप्सनमा लेख्न निर्देशन दिएको तथा दुई वा सो भन्दा कम उमेरका बालबालिकालाई खोकीको औषधि सिफारिस गर्दा वैज्ञानिक प्रमाणको आधारमा मात्रै सिफारिस गर्नुपर्ने उनले बताए ।

खासगरी सीमा नाका नजिकका स्थानहरूमा सजग रहन तथा जथाभाबी विक्री वितरण वा खरिद गर्न नपाइने गरी सचेत रहन आग्रह गरिएको उनले बताए ।

बजारमा दिइएको निर्देशन पालना भएको नभएको बारे जाँच गर्न तथा उत्पादनमा गलत अभ्यास भए नभएकोबारे परीक्षण गर्न बजारमा आएका औषधिहरूको नमुना सङ्कलन गरी परीक्षण गर्ने तयारी गरेको उनले बताए । नागरिकको स्वास्थ्यसँग खेलबाड नहोस् भन्ने अभिप्रायले विभिन्न रणनीति बनाएर काम भइरहेको उनको भनाइ छ । बीबीसी

# जनताको विश्वास जित्नुस्ः मुख्यमन्त्री



**सुर्खेत ।**
कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले भदौ २३ र २४ गतेको जेन्जी आन्दोलनले उठाएका सकारात्मक भावना र मागलाई सम्मान गर्दै सुधारका ठोस योजनासहित काम अघि बढाउन प्रदेशका सचिवहरूलाई निर्देशन दिएका छन् ।
प्रदेश सरकारका प्रमुख सचिव र सबै मन्त्रालयका सचिवसँग आव २०८२–८३ को बजेट तथा कार्यक्रम कार्यान्वयनसम्बन्धी भएका निर्णय र प्रतिबद्धताका प्रगतिसम्बन्धी छलफललाई सम्बोधन गर्दै मुख्यमन्त्री कँडेलले भने, 'अब सुधारका कुरा कागजमै सीमित हुने होइन, व्यवहारमै देखिनुपर्छ, जनताले पारदर्शिता, जवाफदेहिता र सहज सेवाको अपेक्षा गरेका छन्, त्यसको प्रत्यक्ष अनुभव दिलाउनु नै हाम्रो जिम्मेवारी हो ।'
उनले कार्यालयका ढोका जनताका लागि सधैँ खुला राख्न, हरेक काममा पारदर्शिता र विश्वास कायम गर्न तथा विगतका कमजोरीबाट सकारात्मक पाठ लिएर नयाँ सोच र कार्यशैली अपनाउन आग्रह गरे । उनका अनुसार हिजोका गल्तीबाट सिकेर आज सुधारका उपाय लागू गर्नु नै वास्तविक प्रगति हो ।
उनले प्रदेश सरकारको प्राथमिकता खर्च कटौती, कार्यक्षमता वृद्धि र परिणाममुखी सेवा प्रवाह हुने स्पष्ट पारे । मुख्यमन्त्री कँडेलले भने, 'सङ्घ सरकारसँग प्रतिस्पर्धा गर्न सक्ने किसिमको कार्यक्षमता देखाउन अब तपाईंहरूले पहल गर्नुपर्छ, तालिम, भ्रमण, गोष्ठी वा आवश्यक नभएका योजनामा हुने खर्च घटाएर वास्तविक विकासमा लगानी गर्नुपर्ने बेला आएको छ ।'
त्यस क्रममा उनले प्रत्येक मन्त्रालय र कार्यालयमा देखिने अनावश्यक खर्च, ढिलासुस्ती र प्रक्रियागत जटिलता अन्त्य गर्न, सेवा प्रवाहमा सरलता ल्याउन, ढिलाइ संस्कृतिलाई अन्त्य गर्दै जनतामुखी प्रशासनिक सुधार लागू गर्न सबै सचिवहरूलाई निर्देशन दिए । रासस

# जेन्जी प्रतिनिधिको आह्वानः चुनावमा भाग लिऔँ

**काठमाडौँ ।**
जेन्जी आन्दोलनका प्रतिनिधिहरुले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा भाग लिन राजनीतिक दललगायत सबै तह र तप्कालाई आह्वान गरेका छन् ।
राष्ट्रपति भवन शितलनिवासमा प्रधानमन्त्री सुशीला कार्की र मन्त्रिपरिषद्का सदस्यहरुसँग छलफलपछि सञ्चारकर्मीसँग कुराकानी गर्दै उनिहरुले निर्वाचनमा सबै दललाई भाग लिन आग्रह गरेका हुन ।
संसदीय अभ्यासमा रहेका पूराना दलहरु निर्वाचनमा भाग नलिए चुनाव नहुने अवस्था हुने भएकाले पनि घोषित निर्वाचनलाई सदुपयोग गर्नुपर्छ भन्ने आफूहरुको मान्यता रहेको बताए ।
जेन्जी आन्दोलनका प्रतिनिधि मिराज ढुङ्गानाले निर्वाचन लोकतान्त्रिक प्रक्रिया भएकाले निर्वाचनमार्फत जनप्रतिनिधिको चयन हुने हुँदा स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचन होस् भन्ने आफूहरुको चाहना रहेको बताए ।
'निर्वाचनमा सबै दलहरु आइदिनुहोस्, यो लोकतान्त्रिक प्रक्रिया हो, कसैले रोक्न सक्दैन, सबैले भाग लिन पाउनुहुन्छ, अधिकार छ, जनताले छाने भने जो तपाईं नै निर्वाचित हुनुहोला, निर्वाचनमार्फत नयाँ शक्ति पनि उदाउन सक्छ, निष्पक्ष प्रतिस्पर्धा हुन्छ सबैजना आउनुहोस', उनले भने ।
ढुङ्गानाले वर्तमान मन्त्रिपरिषदा सडक आन्दोलनलाई उचाइमा पु¥याउन योगदान दिनेलाई समावेश गर्नुपर्छ भन्ने आफूहरुको स्पष्ट धारणा रहेको बताए ।
राष्ट्रपति रामचन्द्र पौडेलको आह्वानमा शुक्रबार अघिल्लो संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलका नेताहरु र सरकारबीच आगामी निर्वाचनका बारेमा छलफल भएको थियो । छलफलमा राजनीतिक दलका तर्फबाट चुनावका लागि शान्ति सुरक्षालगायत उपयुक्त वातावरण हुनुपर्ने धारणा व्यक्त भएको थियो भने सरकारकातर्फबाट राजनीतिक दलहरुलाई चुनावमा भाग लिन आग्रह गरिएको थियो ।रासस

# कांग्रेसमा ४० प्रतिशत युवाको प्रतिनिधित्वको माग

**काठमाडौँ ।**
नेपाली कांग्रेसमा आबद्ध युवाहरूले पार्टीको विभागहरूमा अनिवार्य रूपमा ४० प्रतिशत युवाको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने मागसहित शनिबार पार्टी कार्यालय सानेपामा धर्ना दिएका छन् ।
धर्नामा सहभागी युवाहरूले कांग्रेसको विधान संशोधनमार्फत सबै विभाग, समिति र निकायमा युवा वर्गको सशक्त उपस्थितिलाई संस्थागत गर्नुपर्नेमा जोड दिएका हुन् । उनीहरूले पार्टीका हरेक तहका निर्वाचनमा पनि कम्तीमा ४० प्रतिशत युवालाई आधिकारिक उम्मेदवारका रूपमा अघि सार्ने प्रावधान विधानमै समावेश गर्न माग गरेका छन् ।
नेविसंघ केन्द्रीय सदस्य आकाश उप्रेतीका अनुसार युवाहरूले पार्टीभित्र चलायमान, जिम्मेवार र समावेशी संरचना निर्माणका लागि आन्दोलन थालेका हुन् । उनले भने 'वर्तमान संरचनाले युवालाई पर्याप्त अवसर दिँदैन, त्यसैले विधानमै स्पष्ट व्यवस्था गरेर नयाँ पुस्तालाई निर्णय तहमा सहभागी गराउनुपर्छ ।'
युवाहरूले पार्टीको क्रियाशील सदस्यता वितरण प्रणालीमा पनि सुधारको माग गरेका छन् । उनीहरूले सदस्यता वितरणका लागि निश्चित मापदण्ड तयार गरी जुनसुकै समयमा सहज र प्रविधिमैत्री ढंगले सदस्यता लिन सक्ने व्यवस्था मिलाउन आग्रह गरेका छन् ।
साथै, जेन्जी उमेर समूहमा कम्तीमा २५५ क्रियाशील सदस्य पु¥याउन सदस्यता अभियानलाई तीव्र बनाउनुपर्नेमा समेत उनीहरूले जोड दिएका छन्।
युवाहरूले निवर्तमान समितिका सभापति, पदाधिकारी र सदस्यहरूलाई स्वतः महाधिवेशन प्रतिनिधि बन्ने व्यवस्था अन्त्य गर्नुपर्ने मागसमेत गरेका छन् । उनका अनुसार यसले पार्टीभित्र नयाँ नेतृत्व र नयाँ सोचको प्रवेश रोकिरहेको छ ।
त्यसैगरी, पार्टी सञ्चालन र सरकार सञ्चालन फरक विषय भएकाले एकै व्यक्तिलाई दुईवटा जिम्मेवारी नदिने व्यवस्था विधानमा गर्नुपर्ने माग छ ।
युवाहरूको भनाइमा, पार्टीमा युवा पुस्ताको सशक्त प्रतिनिधित्व सुनिश्चित नगरिए कांग्रेस जस्तो ऐतिहासिक दल भविष्यमा पनि जनमानसमा आफ्नो आकर्षण गुमाउने जोखिममा पर्नेछ । उनीहरूले चेतावनी दिँदै भनेका छन् — 'अब कांग्रेसमा केवल अनुभव होइन, ऊर्जा र नयाँ सोचको पनि कदर हुनुपर्छ ।

# राहतदेखि पुनःनिर्माण नै सरकारको प्राथमिकता

**इलाम ।**
भौतिक योजना तथा यातायात मन्त्री कुलमान घिसिङले सरकारको प्राथमिकतामा राहत र पुनःनिर्माण रहेको बताएका छन् ।
शनिवार बाढीपहिरो प्रभावित इलामको स्थलगत निरीक्षणपछि उनले भने, 'सरकार प्रभावित नागरिकसँगै छ, तत्कालीन राहत र दीर्घकालीन पुनर्निर्माणका काम अघि बढाइनेछ ।'
रोङ गाउँपालिका, सूर्योदय नगरपालिका हुँदै इलाम नगरपालिका–१० राजदुवाली आइपुग्नुभएका मन्त्री घिसिङले इलाम, सन्दकपुर, माईजोगमाई र वरपरका बस्तीमा पुगेर स्थानीयवासीसँग क्षति र राहत व्यवस्थाबारे जानकारी लिनुहुनेछ ।
उनले राजदुवाली सडक, मिल घुम्तीलगायतका क्षतिग्रस्त सडक र संरचनाको अवस्था अवलोकन गरेका छन् ।
गत असोज १८ गते रातिको भीषण वर्षापछि ठूलो जनधनको क्षति भएकाले सरकारले इलामलाई तीन महिनाका लागि सङ्कटग्रस्त क्षेत्र घोषणा गरेको छ । बाढी र पहिरोका कारण अहिलेसम्म इलाममा ३९ जनाको मृत्यु भएको छ । रासस

# मतदाता नामावली दर्ता तथा अद्यावधिक गर्नेको चहलपहल

**खोटाङ ।**
जेन्जी आन्दोलनपछि बनेको वर्तमान सरकारले आगामी फागुन २१ गतेका लागि प्रतिनिधिसभा सदस्यको निर्वाचन घोषणा गरेसँगै खोटाङमा पनि फोटोसहितको मतदाता नामावली दर्ता तथा अद्यावधिक गर्ने–गराउने युवाको चहलपहल बढेको छ ।
गत भदौ २३ र २४ गते भएको जेन्जी आन्दोलनपछि गठन भएको प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारले निर्वाचन आयोगलाई दिएको निर्देशनअनुसार निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्यको निर्वाचन गर्न यही असोज ९ गतेदेखि देशभर एकैसाथ मतदाता नामावली सङ्कलन तथा अद्यावधिकको काम सुरु गरेसँगै खोटाङका नागरिकले पनि आफ्नो नाम दर्ता तथा अद्यावधिक गर्न थालेका हुन् ।
दश स्थानीय तह रहेको जिल्लामा दैनिक १५ देखि ४० जनासम्मले आफ्नो नाम फोटोसहितको मतदाता नामावलीमा दर्ता तथा अद्यावधिक गराउने गरेको जिल्ला निर्वाचन कार्यालय खोटाङका प्रमुख रवीन मगरले जानकारी दिए । 'देशभर खुला गरिएको मतदाता नामावलीमा दर्ता तथा अद्यावधिक आगामी कात्तिक ३० गतेसम्म सञ्चालन हुन्छ ।
जिल्लामा अहिलेसम्म अपेक्षा गरेअनुसार मतदाता नामावली दर्ता तथा अद्यावधिक गर्ने काम भएको छैन । यद्यपि, हामीले प्रचारप्रसार गरिरहेका छौँ', उनले भने, 'नयाँ दर्ता गराउनेले अनलाइन फाराम भरेर बायोमेट्रिक गर्न कार्यालयमा आउने तथा अद्यावधिक गर्नेहरू कार्यालय आउनुपर्दैन । नयाँ दर्ता गराउनेका लागि बिदाको दिनबाहेक दैनिक बिहान ८:०० बजेदेखि बेलुका ६:०० बजेसम्म कार्यालय खुला राखिनेछ ।'
मतदाता नामावलीका लागि अनलाइन फाराम भर्न नजान्ने, अशक्त तथा अपाङ्गता भएका व्यक्तिलाई कार्यालयले सहजीकरण गर्ने निर्वाचन कार्यालय खोटाङका प्रमुख मगरले जानकारी दिए । निर्वाचन आयोगले फोटोसहितको मतदाता नामावलीमा आफ्नो नाम दर्ता गराउन चाहने नेपाली नागरिकले देशभरका जुनसुकै जिल्ला तथा प्रदेश कार्यालयमा गएर आफ्नो नाम दर्ता गराउने सक्ने व्यवस्था गरेको छ ।
जिल्लामा मतदाता नामावली दर्ता गराउन आउने अधिकांश नागरिक १६ देखि २५ वर्ष उमेर समूहको रहेको निर्वाचन कार्यालयले जनाएको छ । दुई नगरपालिका र आठ गाउँपालिका रहेको जिल्लामा आगामी कात्तिक १६ गतेसम्ममा १८ वर्ष पूरा हुने मतदाताको सङ्ख्या एक लाख ४४ हजार ४२९ जना पुगेको जिल्ला निर्वाचन कार्यालय खोटाङका मतदाता नामावली दर्ता शाखा प्रमुख सञ्जीव खड्काले जानकारी दिए ।
आगामी फागुन २१ गते गर्ने भनिएको प्रतिनिधिसभा निर्वाचनका लागि खोटाङमा करिब हजार जना मतदाता थपिने अनुमान गरिएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । विसं २०७९ मा सम्पन्न भएको प्रदेश तथा प्रतिनिधिसभा सदस्यको निर्वाचनको बेला खोटाङमा एक लाख ४३ हजार ७५२ जना मतदाता रहेका थिए ।
निर्वाचन आयोगले नेपाली नागरिकताको प्रमाणपत्र लिएका १६ वर्षमाथिका जोसुकै नेपाली नागरिकले आफ्नो नाम फोटोसहितको मतदाता नामावलीमा दर्ता गराउन सक्ने व्यवस्था गरेको छ ।
प्रतिनिधिसभा निर्वाचनका लागि भन्दै निर्वाचन आयोगले मतदाता नामावली दर्ता तथा अद्यावधिकको काम सुरु गरेपछि नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले देशभर सर्कुलर जारी गर्दै आफ्ना कार्यकर्तालाई मतदाता नामावली दर्ता तथा अद्यावधिक गर्न–गराउन आह्वान गरेको छ ।रासस

# त्रिविको जग्गा खोजबिन समितिको प्रतिवेदन कार्यान्वयन हुँदै



**काठमाडौँ ।**
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले त्रिभुवन विश्वविद्यालयको जग्गा तथा सम्पत्ति खोजबिन समितिको प्रतिवेदन, २०८१ सार्वजनिक गरी कार्यान्वयनको तयारी गरेको छ ।
मन्त्रिपरिषद्को यही असोज २३ गतेको बैठकले प्रतिवेदन सार्वजनिक र कार्यान्वयन गर्न जिम्मेवारी दिएपछि मन्त्रालयले सोको तयारी गरेको हो । शिक्षामन्त्री महावीर पुनले आफूले प्रतिवेदन सार्वजनिक गर्न निर्देशन दिएको सामाजिक सञ्जालबाट जानकारी दिएका छन् ।
गत पुस २ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष तत्कालीन शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराई र विश्वविद्यालयका पदाधिकारीसहितको उपस्थितिमा खोजबिन समितिका सदस्य महेन्द्र थापाले सो प्रतिवेदन हस्तान्तरण गरेका थिए ।
विसं २०८० जेठ १७ गते मन्त्रिपरिषद्बाट पूर्वसचिव शारदाप्रसाद त्रितालको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरिएको थियो ।
प्रतिवेदनले २०१३ सालदेखिका त्रिविको कीर्तिपुर, नैकाप, ढुङ्गेअड्डा, पाटनलगायत काठमाडौँ उपत्यकाका २१ वटा क्याम्पसका जग्गाको अवस्था, दुरूपयोग र उपयोगका लागि समाधानका उपायसमेत सुझाएको थियो ।
समितिले जग्गाको दुरूपयोग भएका सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग र नेपाली प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोमा लेखी पठाउन पनि सुझाव दिएको थियो । रासस

# कांग्रेस नेत्री कर्णको निधन सभापतिद्वारा दुःख व्यक्त

**काठमाडौँ।**
नेपाली कांग्रेसकी नेत्री राधादेवी कर्णको निधन भएको छ। कांग्रेस पूर्वमहामत्री स्वर्गीय महेन्द्रनारायण निधिकी जेठी सन्तानसमेत रहेकी कर्णको यही असोज २४ गते निधन भएको हो । कांग्रेस केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले शनिवार एक शोक विज्ञप्ति जारी गरी ८१ वर्षीया कर्णको निधनमा गहिरो दुःख व्यक्त गरेका हुन।
विसं २०४६ को जनआन्दोलनमा पिता महेन्द्रनारायण निधि जलेश्वरको जेलमा र कान्छो भाइ एवं पार्टीका पूर्वउपसभापति विमलेन्द्र निधि भूमिगत रहँदादेखि नै उनि अन्दोलनमा सहभागी भएकी थिईन । उनको निधनबाट नेपाली कांग्रेसले एक निडर, अनुभवी र अग्रज व्यक्तित्वलाई गुमाएको बताएको छ।
कर्णको निधनप्रति नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले गहिरो दुःख व्यक्त गरेका छन् । सभापति देउवाले स्व कर्णप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै आत्माको चीर शान्तिको कामना साथ शोकसन्तप्त परिवारजनप्रति पार्टी र आफ्नो व्यक्तिगत तर्फबाट गहिरो समवेदना प्रकट गरेका छन् ।रासस

# साहित्य सन्ध्या–गोविन्द भट्ट स्मृति पुरस्कार त्रिपाठीलाई

**काठमाडौँ।**
यस वर्षको साहित्य सन्ध्या–गोविन्द भट्ट स्मृति पुरस्कार वरिष्ठ साहित्यकार प्राडा वासुदेव त्रिपाठीलाई प्रदान गरिएको छ।
विसं २०३९ देखि साहित्यिक गतिविधि गर्दै आएको संस्था साहित्य सन्ध्याद्वारा शनिवार यहाँ आयोजित कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्वकुलपति वैरागी काइँलाबाट उहाँलाई ५० हजार रुपैयाँ राशिको पुरस्कार प्रदान गरिएको हो । मार्क्सवादी चिन्तक भट्टको स्मृतिमा प्रज्ञा प्रतिष्ठानका पूर्वकुलपति गङ्गाप्रसाद उप्रेतीबाट अक्षयकोष स्थापना भई पहिलोपटक यो पुरस्कार प्रदान



गरिएको हो।
पुरस्कार सिफारिस समितिका संयोजक प्रा जगतप्रसाद उपाध्यायले डा त्रिपाठी नेपाली साहित्यका महासमालोचक भएको उल्लेख गर्दै उनको शोधपरक समालोचनाको विषयमा चर्चा गरे । भट्टको व्यक्तित्वबारे प्रकाश पार्दै साहित्यकार प्राडा हेमनाथ पौडेलले समालोचना र दर्शनका क्षेत्रमा भट्टको अलग पहिचान रहेको बताए । विसं १९९४ साउन २ गते जन्मनुभएका भट्टको २०६८ असोज २५ गते निधन भएको थियो। कार्यक्रममा वरिष्ठ साहित्यकार मोदनाथ प्रश्रितलगायत सहभागी थिए । रासस

# जेन्जी शहीदको स्मृतिमा झापामा म्याराथन

**झापा ।**
जेन्जी आन्दोलनका शहीदहरुको स्मृतिमा युथ फर सोसाइटीले शनिवार यहाँ आयोजना गरेको 'मेचीनगर रन २०८२' मा पुरुषतर्फ दमकका २३ वर्षीय शरद सिंह र महिलातर्फ दमककी पुष्पा लिम्बु प्रथम भएका छन ।
प्रतियोगितामा पुरुषतर्फ दोस्रो विर्तामोडका १६ वर्षीय शिव कार्की र तेस्रो दमकका मिङसेन लिम्बू हुनुभएको छ । साथै महिलातर्फ दमककी मन्दिरा महतरा दोस्रो र दमककै रुबिना महतरा तेस्रो भएका छन ।
प्रतियोगितामा पहिलो हुनेलाई पाँच हजार रुपैयाँ, द्वितीयलाई तीन हजार रुपैयाँ र तृतीय हुनेलाई दुई हजार रुपैयाँ का दरले पुरस्कार प्रदान गरिएको थियो । मेचीनगर नगरपालिकाको वडा नं १५ ज्यामिरगढीबाट सुरु भएको दौड धुलाबारीमा पुगेर समापन भएको थियो ।
प्रतियोगितामा झापाका विभिन्न स्थानबाट आएका १६४ जना युवा धावकहरु सहभागी रहेको आयोजक युथ फर सोसाइटीका सदस्य जयराम दाहालले बताए । जसमा १५६ जना पुरुष र १८ जना महिला सहभागी रहेका थिए ।
सोसाइटीले जेन्जी आन्दोलनमा झापाबाट शहीद भएका दिनेश राजवंशी र गोपाल सेढाइको परिवारलाई ५० हजार रुपैयाँ का दरले सहयोग उपलब्ध गराउने जनाएको छ ।
दौड प्रतियोगिताको समापन कार्यक्रममा शहीद दिनेश राजवंशीकी आमा सपना राजवंशीलाई ५० हजार रुपैयाँ सहयोग हस्तान्तरण गरिएको थियो ।
धुलावारीस्थित इस्ट होराइजन अंग्रेजी माविका प्रिन्सिपल सञ्जीव राईले जेन्जी आन्दोलनमा झापाबाट शहादत प्राप्त गर्नुहुनेका छोराछोरीलाई कक्षा १२ सम्म अध्ययनमा लाग्ने सम्पूर्ण खर्च व्यहोर्ने सोही कार्यक्रममा प्रतिबद्धता व्यक्त गरे । रासस

# सिङ्गामा बहुउद्देश्यीय कवर्डहल निर्माण

**म्याग्दी ।**
म्याग्दीको बेनी नगरपालिका–४ सिङ्गामा बहुउद्देश्यीय कवर्डहल निर्माण भएको छ ।
बेनी नगरपालिकाको सहयोगमा स्थानीयबासीले श्रमदान गरेर खेलकुद, सामाजिक र सांस्कृतिककार्यका लागि कवर्डहल निर्माण गरेका हुन् । नगरपालिकाले १० लाख रुपैयाँ उपलब्ध गराएको कवर्डहल निर्माणका लागि उपभोक्ताहरुले थप तीन लाख ७० हजार रुपैयाँ बराबरको श्रमदान गरेका निर्माण समितिका अध्यक्ष हरिप्रसाद पौडेलले जानकारी दिए ।
उनका अनुसार वडा कार्यालयले अपुग थप दुई लाख रुपैयाँ रकम भुक्तानीका लागि नगरपालिका कार्यालयमा सिफारिस गरेको छ ।
पर्याप्त बजेटको ब्यवस्था नहुँदा चार वर्ष लगाएर कवर्डहल निर्माणलाई पूर्णता दिएको अध्यक्ष पौडेलले बताए । राजीखोला किनारमा पक्की तटबन्ध बनेपछि संरक्षण भएको खाली सार्वजनिक जग्गा सम्माएर वरीपरि फलामको फिल्लर ठडाएर जस्तापाटाले बारेर कवर्डहल बनाइएको छ ।
कवर्डहलको शुक्रबार बेनी नगरपालिका–४ का वडा अध्यक्ष अणबहादुर खड्का (भगवान) ले शुभारम्भ गरे । उनले स्थानीयबासीलाई फुर्सदको समय सदुपयोग र शारिरिक कसरतका लागि ब्याडमिन्टन खेल अभ्यास गर्न, प्रतियोगिता आयोजना गर्न, बिवाह, ब्रतबन्ध, भेला, बैठक गर्न सुविधा पुगोस भन्ने उद्देश्यले कवर्डहल बनाएको बताए ।
उक्त वडाको तातोपानीमा पनि कवर्डहल निर्माण भएको र थामडाडा टोलमा कवर्डहल बनाउन लागिएको अध्यक्ष खड्काले बताए । कवर्डहलमा शुक्रबारदेखि सिंगा ब्याडमिन्टन सङ्घको आयोजनामा प्रथम मनप्रसाद, इन्दु स्मृति पुरुष डि–लेभल ब्याडमिन्टन कप प्रतियोगिता सुरु भएको छ । रासस

# कोभिड–१९ सङ्क्रमणले मुसाहरूको शुक्राणु परिवर्तन

**अस्ट्रेलिया ।**
हालै प्रकाशित एक नयाँ अध्ययनले कोभिड–१९ भाइरसले मुसाहरूको शुक्राणुमा परिवर्तन ल्याउन सक्ने र यसले उनीहरूको सन्तानमा चिन्ताजनक व्यवहार बढाउन सक्ने देखाएको छ । यसले महामारीका दीर्घकालीन पुस्तागत प्रभावहरूबारे गम्भीर प्रश्नहरू उठाएको छ ।
अस्ट्रेलियाको मेलबर्नस्थित फ्लोरे इन्स्टिच्युट अफ न्युरोसाइन्स एन्ड मेन्टल हेल्थका अनुसन्धानकर्ताहरूले गरेको अध्ययनमा भाले मुसाहरूलाई कोभिड–१९ भाइरसले सङ्क्रमित गरियो र त्यसपछि ती मुसाहरूलाई असङ्क्रमित पोथी मुसाहरूसँग मिलाइयो । अनुसन्धानकर्ताहरूले त्यसपछि जन्मिएका सन्तानहरूको व्यवहार र मस्तिष्कीय विकासमा परेको प्रभावको अध्ययन गरे ।
'हामीले पत्ता लगायौँ कि सङ्क्रमित पिताबाट जन्मिएका सन्तानहरूले असङ्क्रमित पिताका सन्तानहरूको तुलनामा बढी चिन्ताजनक व्यवहार प्रदर्शन गरे', अध्ययनकी मुख्य लेखिका डा. एलिजाबेथ क्लेम्यानले भने ।
नेचर कम्युनिकेसन्स नामक प्रतिष्ठित सहकर्मी–समीक्षित जर्नलमा प्रकाशित उक्त अध्ययन अनुसार सङ्क्रमित पिताबाट जन्मिएका सबै सन्तानहरूमा समान परिवर्तनहरू देखिए ।
विशेष गरी, तीमध्ये पोथीहरूले मस्तिष्कको भावनात्मक नियन्त्रणमा भूमिका खेल्ने हिप्पोक्याम्पस क्षेत्रमा केही महत्त्वपूर्ण जीनहरूको क्रियाशीलतामा उल्लेखनीय परिवर्तन देखाए ।
सह–वरिष्ठ अनुसन्धानकर्ता डा. क्यारोलिना गुबर्टले भने, 'यी परिवर्तनहरू एपिजेनेटिक उत्तराधिकार र मस्तिष्क विकासमा हुने असन्तुलनका कारण सन्तानमा देखिएको बढी चिन्ताको स्रोत हुन सक्छन् ।'
अनुसन्धानका प्रमुख लेखक डा. एन्थोनी हान्नानले भने, 'यो अध्ययनले कोभिड–१९ सङ्क्रमणले पिताको शुक्राणुको आरएनएमा अणु–स्तरमा परिवर्तन ल्याउने देखाएको छ, जसले मस्तिष्क विकाससँग सम्बन्धित जीनहरूको नियमनमा प्रत्यक्ष प्रभाव पार्न सक्छ ।'
फ्लोरे इन्स्टिच्युटका अनुसार यो अध्ययन यस्तो प्रकारको पहिलो प्रमाण हो जसले कोभिड सङ्क्रमणले भावी पुस्ताको व्यवहार र मस्तिष्क विकासमा दीर्घकालीन प्रभाव पार्न सक्ने सम्भावना देखाउँछ ।
डा. हान्नानले भने 'यी निष्कर्षहरू अत्यन्तै महत्त्वपूर्ण छन् । यदि यस्ता परिवर्तनहरू मानवमा पनि दोहोरिए भने यसले विश्वभरका लाखौँ बालबालिका र उनीहरूका परिवारहरूको मानसिक स्वास्थ्यमा गहिरो प्रभाव पार्न सक्छ ।'
तर अनुसन्धानकर्ताहरूले यसबारे सावधानीपूर्वक निष्कर्ष निकाल्दै मानिसमा पनि यस्ता परिवर्तनहरू हुन्छन् कि हुँदैनन् भन्ने विषयमा थप अनुसन्धान आवश्यक रहेको बताएका छन् ।
विश्व स्वास्थ्य सङ्गठनका अनुसार सन् २०२० को सुरुमा फैलिएको कोभिड–१९ महामारीले अहिलेसम्म विश्वभर ७० लाखभन्दा बढी मानिसको मृत्यु गरिसकेको छ । यद्यपि वास्तविक सङ्ख्या योभन्दा धेरै हुनसक्ने अनुमान गरिएको छ ।
महामारी र त्यसका लागि अपनाइएका प्रतिबन्धात्मक उपायहरूले विश्वव्यापी रूपमा मानसिक स्वास्थ्यमा गहिरो असर पारेको पनि प्रमाणित भइसकेको छ । विशेषगरी, आफ्नो जीवनको सामाजिकरूपले संवेदनशील अवस्थामार्फत अलगावमा बस्न बाध्य भएका युवाहरूमा यसले दीर्घकालीन मानसिक असर पारेको विभिन्न अध्ययनहरूले देखाएका छन् ।
सन् २०२३ मा नेचर ह्युमन बिहेभियर जर्नलमा प्रकाशित १५ देशका करिब ४० वटा अनुसन्धानको समीक्षाले बालबालिकाहरू अझै पनि महामारीका कारण शिक्षामा परेको अवरोधको प्रभावबाट पूर्णरूपमा उक्लन नसकेको निष्कर्ष निकालेको थियो । एएफपी

# मितव्ययिता अपनाउन निर्देशन




**लुम्बिनी ।**
देशको वर्तमान आर्थिक अवस्था र स्रोत सङ्कुचनको सम्भावित अवस्थालाई मध्यनजर गर्दै लुम्बिनी प्रदेश सरकारले चालु आर्थिक वर्षको खर्च नियन्त्रण गर्न विशेष निर्णय गरेको छ । प्रदेश सरकारको शनिवारको मन्त्रिपरिषद्को बैठकले प्रदेश सरकारको योजना तथा कार्यक्रममा विनियोजन भएको रकमको ८० प्रतिशतलाई अधिकतम सीमा मानी योजना, कार्यक्रम कार्यन्वयनमा लैजान र मितव्ययिता अपनाउन प्रदेश सरकार मातहतका निकायलाई निर्देशन दिने निर्णय गरेको छ ।
बैठकले आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त मार्गदर्शन सरकारको निर्देशनका अतिरिक्त खर्च व्यवस्थापनमा थप व्यवस्था मिलाउने निर्णय गरेको छ ।
बैठकले चालु आर्थिक वर्ष २०८२/८३ मा कार्यान्वयन हुने बजेटका क्रममा दोहोरो प्रविष्टि भएका आयोजना, कार्यक्रम तथा क्रियाकलापमध्ये एउटा मात्र कार्यान्वयन गरी बाँकी रोक्का गर्न र विभिन्न शीर्षकमा २० प्रतिशत रकम रोक्का गर्न निर्देशन दिएको छ ।
पुँजीगत खर्च शीर्षकमा समपूरक अनुदानबाट सञ्चालित आयोजना, बहुवर्षीय आयोजना र सडकतर्फको नियमित मर्मतसम्भार शीर्षकबाहेकका आयोजनामा विनियोजित बजेटको २० प्रतिशत रकम रोक्का गर्ने निर्णय गरिएको छ ।
चालु खर्च शीर्षकमा अनुगमन तथा मूल्याङ्कन खर्च, कार्यक्रम खर्च, मसलन्द तथा कार्यालय सञ्चालन खर्च, विविध कार्यक्रम खर्च, सीप विकास तथा जनचेतना, तालिम तथा गोष्ठीसम्बन्धी खर्च र सेवा परामर्श खर्च शीर्षकमा विनियोजित बजेटको २० प्रतिशत रकम रोक्का गर्ने निर्णय गरिएको छ ।
प्रदेश सरकारका प्रवक्ता तथा कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री दिनेश पन्थीका अनुसार मन्त्रिपरिषद्को बैठकले युवाको भावना र मर्मलाई आत्मसात् गर्दै प्रदेशमा सुशासन प्रवद्र्धन गर्न नीतिगत, कानुनी तथा अन्य सुधारका विषयमा अध्ययन गरी प्रतिवेदन पेस गर्न प्रमुख सचिवको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गर्ने निर्णय पनि गरेको छ ।
बैठकले लुम्बिनी प्रज्ञा–प्रतिष्ठान स्थापना तथा सञ्चालनसम्बन्धी विधेयक स्वीकृत गर्ने, जीवनाशक विषादी व्यवस्थापन तथा नियमनसम्बन्धी विधेयक प्रदेशसभामा पेस गर्न स्वीकृति दिने, अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम कार्यविधि पारित गर्ने र प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति (छैटौँ संशोधन) नियमावली २०८२ स्वीकृत गर्ने निर्णय गरेको छ । रासस

# विपदमा पनि यसरी सम्भव भयो दूरसञ्चार सेवा



**काठमाडौँ ।**
निरन्तरको भारी वर्षा र त्यसपछिको बाढीपहिरोका कारण असोज तेस्रो साता जनजीवन प्रभावित भयो । खासगरी मुलुकका मध्यभागदेखि पूर्वोत्तर क्षेत्र वर्षाबाट बढी प्रभावित भए ।
बाढीपहिरोका कारण हालसम्म ५३ जनाको मृत्यु भएको छ भने सात जना बेपत्ता छन् । अलपत्र यात्रु गन्तव्यमा अझै पुगिसकेका छैनन् भने सबै सडकमा पूर्ण रुपमा यातायात सञ्चालन गर्न अझै केही दिन लाग्ने सरकारले बताइसकेको छ । देशको विषम परिस्थितिमा पनि दूरसञ्चार क्षेत्रले भने निरन्तर सेवा दिन सक्यो । बाढीपहिरोका कारण दूरसञ्चारका पूर्वाधारमा धेरै क्षति हुँदा पनि निरन्तर सेवा सञ्चालन भयो ।
नेपाल टेलिकमका सहप्रवक्ता नवीन मिश्र जनशक्तिको निरन्तरको खटाइ र पूर्वतयारीका कारण निर्वाध सेवा प्रवाह सम्भव भएको बताउछन । विशेषगरी मधेस र कोशी प्रदेशमा कम्पनीको सेवा बढी प्रभावित भयो । 'भारी वर्षा, बाढीपहिरो तथा डुबानका कारण मुलुकभर नेपाल टेलिकमका एक हजार १५० वटा टावरमा क्षति भयो । मधेसमा करिब ३०० वटा टावरमा क्षति भयो', उनले भने । धेरै ठाउँमा विद्युत् आपूर्तिमा अवरोध हुँदा समस्या भएको थियो ।
सहप्रवक्ता मिश्रका अनुसार नेपाल टेलिकमले विपत्तिका बेला काम गर्न मुलुकभर 'इन्टिग्रेटेड मेन्टिनेन्स युनिट' नै राखेको छ । सोही टोली जस्तोसुकै परिस्थितिमा पनि कार्यक्षेत्रमा परिचालन हुन तयारी अवस्थामा हुन्छन् ।
गत असोज १८ र १९ गते कोसी र मधेस प्रदेशका करिब पाँच लाख उपभोक्ता प्रभावित भएका थिए । कोसी प्रदेशको इलाममा भने दुई दिनसम्म सेवा प्रभावित भए पनि अन्य क्षेत्रमा भने लामो समयसम्म सेवा अवरुद्ध हुन नपाएको उनको भनाइ छ ।
निजी क्षेत्रको टेलिकम सेवाप्रदायक एनसेलका अनुसार बाढीपहिरो तथा डुबानका कारण कम्पनीका करिब ४०० टावरमा क्षति भएको छ । समस्या भएका ठाउँ पहिचान गरेर सेवा सञ्चालन भइसकेको एनसेलको भनाइ छ । विद्युतका कारण इलामका केही स्थानमा समस्या रहे पनि अहिले सबै स्थानमा सेवा सञ्चालन भइसकेको छ ।
'समस्या हामीलाई पनि परेको थियो तर हामीले अहोरात्र खटिएर तत्कालै सेवा सञ्चालन गर्न सफल भयौँ । अहिले कतै पनि एनसेलको सेवामा समस्या भयो भनेर गुनासो आएको छैन', एनसेलले भनेको छ ।
दूरसञ्चार सेवाप्रदायक नेपाल टेलिकम र एनसेलसँग सहकार्य गरिरहेको चिनियाँ कम्पनी हुवावेका अनुसार सरकारले असोज १७ गतेदेखि २० गतेसम्म भारी वर्षाको प्रक्षेपण गरेपछि यसको तयारी सुरु भइसकेको थियो । गत वर्ष पनि भारी वर्षापछि बाढी र पहिरोका कारण ठूलो क्षति भएकाले हुवावेले आफ्नो क्षेत्राधिकारभित्र पूर्वतयारी सुरु गरिसकेको थियो । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले पनि त्यसअघि नै टेलिकम कम्पनीहरुलाई उच्च सतर्कता अपनाउन र आपत्कालीन समयमा सेवा निरन्तरताको सुनिश्चित गर्नका लागि आग्रह गरिसकेको थियो ।

**विपदमा कस्ता समस्या आउँछन् ?**
प्राकृतिक विपत्तिका बेला सेवा प्रवाह गर्ने प्रमुख उपकरण टावरलगयतमा अवरोध हुन्छ । बाढीपहिरोमा फाइबर वा 'माइक्रोवेभ लिङ्क' काट्दा वा सडक बगाउँदा टावरको सञ्जाल विच्छेद हुन्छ ।
केही टावर डुबानमा पर्छन् वा बिजुलीका खम्बा ढल्दा वा लाइन क्षतिग्रस्त हुँदा विद्युत् आपूर्ति बन्द भएर पनि सेवा अवरुद्ध हुन्छ । कहिलेकाहीँ हुरी, बाढीपहिरोले ठूलोमात्रामा फाइबर केबल विच्छेद गरिदिन्छ । रूख ढल्दा वा पहिरो खस्दा हावामा तन्काइएका फाइबर केबलहरू चुँडिन्छन् । सो अवस्थामा पनि सेवा अवरुद्ध हुन्छ ।
त्यस्तै, सडक भासिँदा वा जमिन तलमाथि हुँदा पनि भूमिगत फाइबर चुँडिने वा भाँचिने हुन्छ जसका कारण केबल ज्वाइन्ट (स्प्लाइस पोइन्ट र इन्क्लोजर) नष्ट हुन्छन् । जसले गर्दा सेवा अवरुद्ध हुन्छ । त्यसबाहेक विद्युत् आपूर्तिका समस्या भएर पनि सेवा अवरुद्ध हुन्छ ।
'ब्याकअप ब्याट्री वा डिजेल जेनेरेटर' क्षतिग्रस्त हुन सक्छन् वा इन्धन पुनःभरण पहुँच नहुँदा प्रयोग गर्न नसकिने अवस्था आउँछ जसका कारण सेवा सञ्चालन गर्न ढिला हुन्छ ।
हालैको बाढीपहिरोमा सडक नै बगाएको वा अवरुद्ध भएका कारण सेवा पुनःसुरु गर्न ढिला भएको छ । फिल्ड इञ्जिनियरले अवरुद्ध वा डुबान भएका सडक, ढलेका पुल वा पहिरोका कारण क्षतिग्रस्त स्थानमा पुग्न कठिनाइ हुन्छ ।

**कसरी हुन्छ सेवा सञ्चालन ?**
टेलिकम सेवाप्रदायकले देशका सबै क्षेत्रमा अहोरात्र सेवा प्रवाह भइरहेको छ कि छैन भनेर अनुगमन गरिरहेका हुन्छन् । सोअन्तर्गत पूर्वसूचना र निगरानी लिने काम पनि हुन्छ ।
यसपटक जल तथा मौसम पूर्वानुमान महाशाखाबाट प्राप्त सूचनाका आधारमा 'नेटवर्क' निगरानी बढाइएको थियो । यसरी उच्च जोखिम हुने क्षेत्र पहिचान गरिन्छ । यस्तो अवस्थामा टेलिकम सेवाप्रदायकले आपत्कालीन संयन्त्र परिचालन गर्छन् र कुनकुन स्थानमा फाइबर काटिएको छ, टावर भत्किएको छ वा बिजुली अवरुद्ध भएको छ त्यसको जानकारी फिल्ड इञ्जिनियर तुरुन्त दिइन्छ ।
त्यसपछि अवरुद्ध भएको स्थानमा 'ब्याकअप पावर' र उपकरणको अवस्था कस्तो छ सोको जानकारी गराइन्छ । 'ब्याट्री, जेनेरेटर र स्पेयर पार्ट'हरू स्थानीयस्तरमै तयारी अवस्थामा राखिन्छन् । सेवा अवरुद्ध भएको स्थानमा स्थानीय प्रशासन, सुरक्षाकर्मी र समुदायसँग सहकार्य गरी प्रभावित क्षेत्रमा मर्मत गरिन्छ ।
सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको निर्देशनमा एनसेल र नेपाल टेलिकमजस्ता सेवाप्रदायकले एकापसमा समन्वय गरी नेटवर्क निरन्तरता सुनिश्चित गर्छन् । यी प्रयासले बाढीपहिरो र भूकम्पजस्ता विपद्का बेला पनि नेपालमा सञ्चार सेवा निरन्तर सञ्चालन राख्न मद्दत पुर्‍याउँछन् ।
दूरसञ्चार उपकरण तथा सूचना तथा सञ्चार प्रविधि सेवा प्रदायक हुवावेले नेपाल टेलिकम र एनसेललाई प्रविधि र स्थलमै जनशक्ति उपलब्ध गराई महत्वपूर्ण सहयोग गरेको जनाएको छ । सेवा प्रदायकसँग नजिकबाट सहकार्य गर्दै, हुवावेले देशभर आफ्ना प्राविधिक टोली निरन्तर खटाइ काम गरेको जनाएको छ ।
हुवावेका अनुसार कम्पनीले सञ्चालन गरेको नेटवर्क 'एस्युरेन्स' प्रणालीमार्फत लगातार निगरानी गरिएको थियो । 'सिग्नल ड्रप' वा 'फाइबर कट'को सङ्केत 'पिङ टेस्ट', 'अलार्म निगरानी' र 'अप्टिकल डायग्नोस्टिक्स'जस्ता उपकरण प्रयोगगरी तत्कालै पहिचान गरिएको थियो । फलस्वरुप 'फाइबर कट' विद्युत् अवरोध र सडक अवरुद्धजस्ता चुनौतीमा पनि आफूहरुले तत्काल सेवा प्रवाह गर्न सफल भएको उनीहरुको भनाइ छ । रासस

# श्यामशिलामा स्वास्थ्य चौकी

**भोजपुर।**
यहाँको पौवादुङमा गाउँपालिका–१ श्यामशिलामा सुविधा सम्पन्न स्वास्थ्य चौकी स्थापना भएपछि स्थानीयवासी वर्षौंदेखि भोग्दै आएको स्वास्थ्य सेवाको समस्या समाधान भएको छ।

पहिले सामान्य उपचारका लागि पनि श्यामशिला र वरपरका नागरिकलाई घण्टौँ पैदल यात्रा गरेर जिल्ला अस्पताल पुग्नुपर्ने बाध्यता थियो। भौगोलिक विकटता र यातायातको असुविधाका कारण साधारण ज्वरो, पेट दुखाइकोसमेत औषधि नपाउँदा यहाँका नागरिकले समस्या भोग्दै आएका थिए। तर अहिले भने गाउँमै स्वास्थ्य चौकी सञ्चालनमा आएपछि आधारभूत स्वास्थ्य सेवा सहजरूपमा उपलब्ध भएको छ।

श्यामशिलाका वडाध्यक्ष राजेन्द्र तामाङका अनुसार स्थानीयको स्वास्थ्य समस्यालाई मध्यनजर गर्दै गाउँपालिका र वडा कार्यालयको सक्रियतामा स्वास्थ्य चौकी भवन निर्माण गरिएको हो। ‘पहिले सिटामोल, जीवनजलजस्ता सामान्य औषधि पाउन पनि अप्ठ्यारो हुन्थ्यो’ वडाध्यक्ष तामाङले भने, ‘स्थानीयको सहजताको लागि सुविधा सम्पन्न भवन निर्माण गरेर सेवा प्रवाह गरिरहका छौँ। अहिले सामन्य उपचार गाउँमै पाउने वातावरण बनेको छ।’

स्वास्थ्य चौकीमा आवश्यक उपकरण र आधारभूत स्वास्थ्य सेवाका सुविधा उपलब्ध छन्। यहाँ स्वास्थ्य चौकी सञ्चालन भएपछि श्यामशिला मात्र नभएर तिलाहार, भिरकोट, आमतेकलगायत आसपास बस्तीका नागरिकलाईसमेत प्रत्यक्ष लाभ पुगेको छ।

स्थानीयवासीका अनुसार स्वास्थ्य चौकीको स्थापना यहाँका बासिन्दाको लामो समयदेखिको माग थियो। गाउँमा स्वास्थ्य सेवा उपलब्ध भएपछि गर्भवती महिला, बालबालिका, ज्येष्ठ नागरिक र आकस्मिक बिरामीलाई समयमै उपचार पाउन सहज भएको स्थानीयबासी पासाङदिकी शेर्पाले बताए।

स्वास्थ्य चौकी सञ्चालनपछि जनचेतना कार्यक्रम, औषधि वितरण र नियमित स्वास्थ्य परीक्षणको लागि सहजता भएको उनको भनाइ छ। नागरिकलाई सहज स्वास्थ्य सेवा विस्तार गर्न आवश्यक संरचना निर्माणसँगै सेवालाई जनतस्तरसम्म पु¥याउन जोड दिएको पौवादुङमा गाउँपालिका अध्यक्ष किरण राईले बताए। रासस

# स्रेस्ता कायम गर्ने प्रक्रियामा नयाँ व्यवस्था

**काठमाडौँ।**
सरकारले भदौ २३ र २४ गतेको ‘जेनजी’ प्रदर्शनका क्रममा क्षति भएका जग्गाको स्रेस्ता कायम गर्ने प्रक्रियालाई सरलीकृत गरेको छ।

यसअघि देशका विभिन्न मालपोत कार्यालयले जारी गरेको सूचनाका कारण आम नागरिकमा त्रास फैलिएपछि सरकारले थप सरलीकृत गरेको हो। आन्दोलनका क्रममा आगलागीका कारण क्षति भएका मालपोत कार्यालयलाई पत्राचार गर्दै लालपूर्जा र नागरिकतागायत जग्गाधनीसँग रहेका कागजातका आधारमा सहज रूपमा स्रेस्ता कायम गर्न सकिने व्यवस्था गरिएको छ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निबारण मन्त्रालयका उपसचिव जीवनराज सेढाइँका अनुसार, जग्गाधनसिँग भएको सक्कल जग्गाधनी प्रमाणपूर्जा र प्रणालीमा भएको अभिलेख भिडेमा प्रणालीबाट त्यस्तो जग्गाको स्रेस्ता प्रिन्ट गरी प्रमाणित गरी नयाँ स्रेस्ता कायम गरिनेछ।

यदि अभिलेख फरक पर्न गएको खण्डमा ‘डकुमेन्ट म्यानेजमेन्ट सिस्टम (डिएमएस)मा भएको अभिलेखसँग भीडान गर्ने र अभिलेख भिडेको अवस्थामा आवश्यक विवरण अद्यावधिक गरी त्यस्तो जग्गाको स्रेस्ता प्रिन्ट गरी प्रमाणित गरी नयाँ स्रेस्ता कायम हुने भूमि व्यवस्थापन तथा अभिलेख विभागले जनाएको छ।नापी कार्यालयमा रहेको फिल्डबुक तथा प्लटरजिस्टर नक्शा, स्थानीय तहमा रहेको मालपोत लगत र मालपोत वा सम्पत्ति कर बुझाएको रसिदलाई आधार मानी प्रणालीमा विवरण अद्यावधिक गरी त्यस्तो जग्गाको स्रेस्ता प्रिन्ट गरी प्रमाणित गर्न सकिनेछ।

सो व्यवस्था बमोजिम अभिलेख नभिडेको हकमा जग्गाधनी दर्ता प्रमाणपूर्जाको प्रतिलिपी वा पारित लिखतको सक्कलप्रति पेश हुन आएमा वा बैङ्क तथा वित्तीय संस्था, अड्डा अदालत वा अन्य निकायमा पेश गरेको कागजात सम्बन्धित निकायबाट प्रमाणित प्रतिलिपी पेश भएमा स्थानीय तहबाट हक भोगको सिफारिश लिइ सोको आधारमा प्रणालीमा विवरण अद्यावधिक गरी नयाँ स्रेस्ता कायम गर्ने विभागको पछिल्लो निर्देशमा उल्लेख छ।

सार्वजनिक सूचना हकभोगसम्बन्धी स्थलगत सर्जमिन र जानी जानी झुट्ठा विवरण पेश गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही सहुँला बुझाउँला भनी सम्बन्धित जग्गाधनीको कबुलियतनामा कागज गराई सोको आधारमा प्रणालीमा विवरण अद्यावधिक गरी त्यस्तो जग्गाको स्रेस्ता प्रिन्ट गरी प्रमाणित गर्न सकिने विभागले जनाएको छ।

जग्गाधनी दर्ता प्रमाणपूर्जा पेश नभएमा वा पेश भएको प्रमाणबाट एकिन हुन नसकिएमा आवश्यकताअनुसार हकभोगसम्बन्धी स्थानीय तहको सिफारिश, स्थलगत सर्जमिन र सार्वजनकि सूचना गर्न सकिने विभागले उल्लेख गरेको छ। नष्ट भएका जग्गाधनी स्रेस्ता कायम गर्दा नापी कार्यालयको फिल्डबुक, प्लट रजिष्टर नक्शा, मालपोत कार्यालयको तामेली अभिलेख, व्यक्तिसँग भएको सक्कल पारित लिखत र प्रणालीको रेकर्डबाट सरकारी सार्वजनिक तथा दर्ता बाँकी जग्गा हो होइन एकिन गर्न सकिनेछ।

नष्ट भएको रोक्का लगतका सम्बन्धमा प्रणालीमा भएको रोक्का रेकर्डलाई साविक गाविसअनुसार प्रिन्ट गरी रोक्का किताब तयार पानुएपर्नेछ। रोक्का राक्ने संवैधानिक निकाय, बैङ्क तथा वित्तीय संस्था, प्रशासनिक निकाय तथा न्यायिक निकायलाई रोक्का राखिएको अचल सम्पत्तिको विवरण उपलब्ध गराई दिन पत्राचार गर्ने र प्राप्त विवरणलाई भिडाइए अभिलेख अद्यावधिक गर्नुपर्ने व्यवस्था गरिएको छ।

कार्यालयको कुनै पनि अभिलेखबाट रोक्का रहेको विवरण खुल्न आएमा सोलाई समेत आधार लिई अभिलेख अद्यावधिक गर्नुपर्ने। नष्ट भएको स्रेस्ता अद्यावधिक भएपछि उक्त स्रेस्ताबाट कारोबार गर्दा ऋणी नी दुवैलाई सो व्यहोराकाको जानकारी दिई लिखत पारित गर्ने व्यवस्था मिलाउनुपर्ने प्रबन्ध गरिएको छ।

विभागले मालपोत कार्यालय दाङ (तुलसीपुर), कास्की, चितव (भरतपुर), खैरहनी, काठमाडौँ (कलंकी) र रुपन्देही (बुटवल), कैलाली (धनगढी), बाँके (नेपालगञ्ज), दाङ (घोराही ) र मोरङ (विराटनगर)लाई एकै सात परिपत्र गर्दै जग्गाधनीलाई सरल र सहज रुपमा सेवा प्रदान गर्न निर्देशन दिएको छ।

मालपोत ऐन, २०३४ र मालपोत नियमावली, २०३६ तथा भूमि प्रशासन निर्देशिका, २०८१ मा भएका व्यवस्थाका अतिरिक्त अन्य विभिन्न पाँचवटा मुख्य बुँदालाई आधार बनाउन विभागले निर्देशन गरेको छ। आन्दोलनका क्रममा जलेर नष्ट भएको जग्गाधनी दर्ता स्रेस्ता, रोक्का अभिलेख तयार गर्न गराउने सम्बन्धमा यही असोज २३ को मन्त्रिस्तरीय निर्णयअनुसार आवश्यक निर्देशन दिइएको विभागले जनाएको छ।

आन्दोलनका क्रममा देशभरका विभिन्न ६ वटा मालपोत कार्यालय पूर्ण रूपमा क्षति भएका थिए भने १४ वटा मालपोत कार्यालय आशिंक रूपमा क्षति तथा तोडफोड भएका थिए। आन्दोलनका क्रममा झण्डै १० लाख लालपूर्जाको ढड्डा जलेको अनुमान गरिएको छ। तोडफोड र आगलागीका कारण क्षतिग्रस्त भएका विभिन्न मालपोत कार्यालयले आशिंक रुपमा सेवा प्रवाह शुरु गरेका छन्। रासस

# नून अभाव छैनः साल्ट ट्रेडिङ

**जुम्ला।**
साल्ट ट्रेडिङ कर्पोरेशन शाखा कार्यालयले जिल्लामा पर्याप्त मात्रमा नून रहेको जनाएको छ। यहाँस्थित डिपोमा अहिले करिब छ हजार क्विन्टल नून मौज्दात रहेको कार्यालय प्रमुख नगेन्द्रबहादुर थापाले जानकारी दिए।

कार्यालयका अनुसार चालु आर्थिक वर्षका लागि सदरमुकाम खलङ्गा बजारमा रहेको डिपोमा पाँच हजार ५०० क्विन्टल, सिङ्जा गाउँपालिकाको नराकोट डिपोमा एक हजार ५०० क्विन्टल र कनकासुन्दरी गाउँपालिकाको गुरुचौर डिपोमा एक हजार ३०० क्विन्टल नूनको कोटा रहेको छ। उनले भने, ‘जिल्लामा नूनको अभाव रहेको छैन। जिल्लामा पर्याप्त मात्रमा नून रहेको छ। दसैँको अवधिमा करिब ५४६ क्विन्टल नून बिक्री भएको छ। यहाँका आठवटै स्थानीय तहका वडाको सिफारिसको आधारमा नून वितरणहुने गरेको छ। वडाको मागबमोजिम नून वितरण भइराखेको छ।’

वितेका वर्षमा जिल्लामा करिब पाँच हजार ४०० क्विन्टलको हारहारीमा कोटाहुने गरेको थियो। नून उपझोक्तालाई पु¥याउन केही कठिन हुने गरेकोमा यस वर्षदेखि जिल्लाका लागि नूनको कोटा वृद्धि भएसँगै यहाँका उपझोक्तालाई सहजरूपमा नून वितरण भइरहेको कार्यालय प्रमुख थापाले बताए।

सदरमुकाम सहित तीनै डिपोका लागि बाँकी कोटा नूनको ढुवानी भइरहेको छ। सबैभन्दा बढी चन्दनाथ नगरपालिका, गुठीचौर, पातारासी र तातोपानी गाउँपालिकाका उपझोक्ताले नून लिने गरेको कार्यालयले जनाएको छ। जिल्लाका स्थानीय तहले वडाबाटै नून वितरण गरेपछि यहाँका स्थानीयवासीलाई सहज भएको छ भने स्थानीयवासी पनि औधि खुसी छन्।रासस

# सेवा शुरु गर्दै उच्च अदालत तुलसीपुर

**दाङ।**
उच्च अदालत तुलसीपुरले आइतबारदेखि मुद्दा दर्ता तथा सुनुवाइको काम शुरु गर्ने भएको छ। अदालतका रजिष्ट्रार यमप्रसाद बास्कोटाका अनुसार मुद्दा दर्ता, रिट, निषेधाज्ञाको निवेदन, मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १५७ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिमका निवेदनहरू दर्ता गर्ने र सुनुवाइ गर्ने कार्य शुरु हुनेछ।

यसअघि बन्दीप्रत्यक्षीकरणको निवेदन लिने मात्रै कार्य भएको थियो। चालु अवस्थामा रहेका मुद्दाहरूको कामकारबाही एवं नयाँ पुनरावेदन पत्र दर्ता गरी सेवाप्रवाहलाई नियमित गर्ने सम्बन्धमा अर्को सूचना प्रकाशन गरेर मात्रै जानकारी दिइने रजिष्ट्रार बास्कोटाले बताए। जेनजीको आन्दोलनका क्रममा अदालतमा भएको आगजनीले नियमित सेवा अगाडि बढ्न सकेको थिएन। रासस

# बिपी राजमार्गमा यातायात सञ्चालन



**काभ्रेपलाञ्चोक।**
गत साताको बाढीले क्षतिग्रस्त बिपी राजमार्गको विभिन्न खण्डमा अस्थायी सडक बनाउने कार्यलाई तीव्रता दिइएसँगै १९ स्थानमा ‘डाइभर्सन’ बनाएर अवरुद्ध राजमार्ग शनिबारदेखि खुलाइएको छ।

शुक्रबार साँझ क्षतिग्रस्त सम्पूर्ण खण्डमा ‘ट्र्याक’ खुलाएपछि परीक्षण गरी शनिबार बिहानदेखि राजमार्ग पूर्ण रूपमा खुलाइएको डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ। शनिबार बिहानैदेखि सबारीसाधन सञ्चालनमा ल्याउने गरी रातको समयमा समेत कामलाई निरन्तरता दिइएपछि राजमार्ग पूर्ण रूपमा खुलाउन सम्भव भएको डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको हो।

शुक्रबार साँझसम्ममा राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको नमोबुद्ध नगरपालिका–६ स्थित चौकीडाँडादेखि रोशी गाउँपालिकाको माम्तीसम्म ‘ट्र्याक’ खोली सकेर परीक्षण गरिएको थियो। कार्यालयका प्रमुख सिनियर डिभिजनल इञ्जिनियर सुमन योगेशले राजमार्गको चौकीडाँडा, कटुञ्जे–घुमाउने, चारसयबेँसी, गिम्दीबेँसी, नार्के, चिउरीबास, बोक्सीकुना, कालढुङ्गा, डालाबेँसी तथा पिप्लेको चार स्थान, माम्तीको दुई स्थानमा डाइभर्सन निर्माण सम्पन्न गरी शनिबारदेखि पूर्ण रूपमा यातायात सञ्चालन गरिएको बताए।

कार्यालयले राजमार्गको काभ्रेपलाञ्चोक खण्डमा १६ र सिन्धुली खण्डमा तीन स्थानमा डाइभर्सन निर्माण सम्पन्न गरी शुक्रबार अपराह्नमा ट्र्याक खुलाएको थियो। राजमार्गको काभ्रेपलाञ्चोकको सडकखण्डमा खोला फर्काएर ‘डाइभर्सन’ निर्माण भएको हो। ‘ट्र्याक खोलीसकेर खुलेको सडकको अवस्था हेरेर केही गाडीद्वारा परीक्षण ग¥यौँ र थप सुधार गर्नुपर्ने तथा साँघुरो भएको स्थानमा राति काम गरेर शनिबार बिहानदेखि पूर्ण रूपमा राजमार्ग सञ्चालनमा ल्याएका हौं,’ योगेशले भने। रोशी खोलाको बाढीले रोशी क्षेत्रमा करिब चार किलोमिटर सडक कटान गरेको थियो।

मङ्गलबारदेखि औपचारिक रूपमा डाइभर्सन निर्माण थालिएको हो। योगेशले बिहीबार दिउँसोदेखि रातको समयमा समेत करिब दुई दर्जन मेसिनद्वारा अस्थायी सडक निर्माण गरिररहेको बताए। बाढीपहिरोले राजमार्गको १७ स्थानमा क्षति पु¥याएको थियो। सोही क्षेत्रमा गतसालको बाढीपहिरोले सडक क्षतिग्रस्त बनाएपछि डाइभर्सन बनाएर अस्थायी रूपमा सडक सञ्चालन हुँदै आएको थियो।

बिहीबार भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले क्षतिग्रस्त उक्त राजमार्गको विभिन्न खण्डको अवलोकन गरी छिटोभन्दा छिटो राजमार्ग सुचारु गर्नेगरी बनाइरहेको ‘डाइभर्सन’ निर्माण कार्यलाई तीव्र बनाउन सडक विभागका अधिकारीलाई निर्देशन दिएका थिए। घिसिङले रातको समयमासमेत काम गरेर भए पनि शुक्रबार बेलुकासम्ममा यातायात सञ्चालन हुनेगरी कामलाई तीव्रता दिन भनेका थिए।

पूर्वी नेपाल जोड्ने छोटो दूरीका रूपमा रहेको उक्त राजमार्गबाट दैनिक हजारौँ यातायातका साधन आवतजावत हुने गर्छन्। कार्यालयले क्षतिग्रस्त राजमार्ग स्थायी निर्माणका लागि चार खण्डमा ठेक्काको प्रक्रियामा समेत अघि बढाइरहेको थियो। रासस

**Parsagadhi Municipality**
**Office of Municipal Executive**
Harpur, Parsa
Madhesh Province

**NOTICE OF INVITATION FOR BIDS**

First Date of Publication: 2082/06/26 (12th October 2025)

Parsagadhi Municipality, Harpur, Parsa invites **electronic bids** from eligible Nepalese bidders for the following works:

| Contract No. | Name of Contract | Estimated Amount (Including VAT & PS) | Cost Of Bid Document (NRs.) | Average Annual Construction Turnover | Work Experience of Similar Size and Nature | Bid Validity Period | Bid Security Amount (NRs.)/ Validity Period |
|---|---|---|---|---|---|---|---|
| 02/PGMUN/PAR/NCB/W/ROAD/2082-83 | Construction of Raghunathpur-Khopdaimai-Phulwariya-Chainpur road with Ashphalt concrete | N/A | 5000 | 6,47,66,000 | At least One Contract with a value of at least NRs 17,271,000.00 ( Key Activities: Sub base course-2505cum,Base course-1684cum and Asphalt concrete -337 cum) | 90 days from dead line of bid submission | 1000000.00/ 120 days from dead line of bid submission |
| 03/PGMUN/PAR/NCB/W/BUILD/2082-83 | School Building construction of Shree Ne.Ra.Aa.Vi. Bagawana, wada no-2 | 9335938.76 | 3000 | N/A | N/A | 90 days from dead line of bid submission | 200000.00/ 120 days from dead line of bid submission |

1. Deadline for Bid Submission:2082/07/25 (11th November 2025) within 12:00 Hours
2. Date, Time and Place of Bid Opening:2082/07/25 (11th November 2025) 13:00 Hours
3. Account Number for Bid Document Purchase:
   Name of Bank: Sanima Bank, Parsagadhi Branch, Parsa
   Name of Office: Parsagadhi Municipality, Harpur, Parsa
   Account Name: Ga-1.1 Aantarik Rajaswa Khata
   Office Account no.: 063010040000005
4. Account Number for Bid Security Deposit:
   Name of Bank: Sanima Bank, Parsagadhi Branch, Parsa
   Name of Office: Parsagadhi Municipality, Harpur, Parsa
   Account Name: Ga-3 Dharauta Khata
   Office Account no.: 063010020000003
5. Eligible bidders may obtain further information and inspect the bidding document at Parsagadhi Municipality, Harpur, Parsa or may visit PPMO website www.bolpatra.gov.np/egp.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Bidders have to submit their bid electronically through e-GP system of PPMO website: **www.bolpatra.gov.np/egp** as specified in the Instructions to Bidders.
8. The office reserves right to accept or reject any or all bids without assigning reasons, whatsoever.

.......................................
**Raju Prasad sah**
Chief Administrative Officer

# तत्काल कार्यवाहक सभापति तोक्न देउवालाई शशांकको सुझाव



**काठमाडौँ ।**
नेपाली कांग्रेसका नेता डा. शशांक कोइरालाले पार्टी सभापति शेरबहादुर देउवालाई तत्काल केन्द्रीय कार्यसमिति विघटन गरी कार्यवाहक सभापति तोक्न आग्रह गरेका छन् । शनिबार पार्टी मुख्यालय सानेपामा सञ्चारकर्मीहरूसँग कुरा गर्दै उनले पार्टीको नेतृत्वलाई जिम्मेवारी हस्तान्तरण गर्दै आगामी महाधिवेशनको तयारी थाल्न सुझाव दिए ।

कोइरालाले भने, 'विशेष महाधिवेशन होइन, नियमित महाधिवेशन गर्नुपर्छ । मैले शेरबहादुरजीलाई भनेको छु, यो मेरो व्यक्तिगत विचार हो । तपाईँले केन्द्रीय कार्यसमिति विघटन गर्नुस्, एक जनालाई कार्यवाहक सभापति तोक्नुस्, उनले नयाँ समिति गठन गरेर मिति तय गरून् ।'

उनका अनुसार देउवाले अब पार्टीको आगामी महाधिवेशनका तयारीमा ध्यान दिनुपर्ने समय आएको छ । कोइरालाले मंसिरसम्ममा नियमित महाधिवेशनको मिति तय हुने विश्वास पनि व्यक्त गरे ।

उनले थपे, 'पार्टीलाई संस्थागत रूपमा अघि बढाउन र नेतृत्व हस्तान्तरणको स्पष्ट प्रक्रिया शुरु गर्न आवश्यक छ । अब बन्ने कार्यवाहक सभापतिले नै महाधिवेशनको मिति तय गर्नुपर्छ ।'

कोइरालाको भनाइमा, कांग्रेसलाई बलियो, पारदर्शी र आन्तरिक लोकतन्त्रमा आधारित संगठन बनाउन वर्तमान नेतृत्वले समयमै निर्णय लिनु जरुरी छ । उनले पार्टीभित्र लामो समयदेखि स्थगित भएको निर्णय प्रक्रियालाई अघि बढाउन देउवालाई नेतृत्वदायी भूमिका निर्वाह गर्न आग्रह गरे ।

उनले निष्कर्षमा भने, 'पार्टी अब निर्णायक मोडमा छ । नयाँ नेतृत्व चयन र संगठन सुदृढीकरणका लागि मंसिरमै महाधिवेशनको मिति तय हुनुपर्छ भन्ने मेरो दृढ विश्वास हो ।'

## कांग्रेस केन्द्रीय समिति बैठक असोज २८ गते

नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको बैठक असोज २८ गते हुने भएको छ । असोज २३ बाट शुरु भएको केन्द्रीय पदाधिकारी, पूर्वपदाधिकारी एवम् कार्यसम्पादन समितिको बैठक शनिवार सम्पन्न भए पनि केही तयारी आवश्यक भएकाले निर्धारित समयभन्दा दुई दिनपछि बैठक सारिएको प्रवक्ता डा प्रकाशशरण महतले जानकारी दिए ।

'हालको बैठकमा महत्त्वपूर्ण विषयमा छलफल भएको छ । भदौ २३ र २४ को घटनाले राष्ट्रिय राजनीतिसँगै पार्टीको जीवनमा समेत अत्यन्तै प्रभाव पारेको विषयमा गम्भीरताका साथ छलफल भयो । घोषित निर्वाचन र संसद् पुनःस्थापनाका विषयमासमेत छलफल भएको छ', उनले भने,'पार्टी महाधिवेशन पनि विधिसम्मत रूपमा प्रक्रिया पुऱ्याएर युवाहरूलाई समेटेर गर्ने विषयमा समेत केन्द्रीय कार्यसमितिमा छलफल गर्ने तय भएको छ । निर्वाचनका सन्दर्भमा सरकारले गम्भीरताका साथ काम गर्न सकेको छैन भन्ने हाम्रो बुझाइ छ । निर्वाचनका सन्दर्भमा अन्योलता धेरै छन् ।'

पार्टीका उपसभापति पूर्णबहादुर खड्काको सभापतित्वमा बसेको कार्यसम्पादन बैठकले दिएको परामर्शलाई सभापतिसँग छलफल गरेर पार्टीको केन्द्रीय समिति बैठकका एजेन्डा तय गरिने पनि प्रवक्ता डा महतले बताए ।

# कुमालको पुर्ख्यौली पेशा संकटमा माटोका भाँडाको माग घट्दो



**जनकपुरधाम ।**
हिन्दूहरूको महान पर्व तिहार र छठ नजिकिँदै गर्दा कुनै समय माटोका सामग्री बनाउन भ्याइनभ्याइ हुने कुमालहरू आजकल फुर्सदमा छन् । आधुनिक जीवनशैली र बजारमा प्लास्टिक, पितल र एलुमिनियमका भाँडाको सहज उपलब्धताले उनीहरूको परम्परागत पुर्ख्यौली पेशा अस्तित्व संकटमा परेको छ ।तरपनि स्थानीयहरु जसोतासो माटोको समाग्रीहरु बनाउने गरेका छन् । बजारमा समेत उनिहरुलाई समस्या भएको छ ।

पुस्तौँदेखि माटोका भाँडा बनाउँदै जीविकोपार्जन गर्दै आएका कुमालहरूका अनुसार अहिले माटोका सामग्रीको बजार खस्कँदै गएको छ । विगतमा तिहार, छठ र अन्य पूजापाठमा प्रयोग हुने माटोका दीयो, ढकनी, घैंटो, मटिया, कुसिया, कुरबारजस्ता सामग्रीको माग अत्यधिक हुन्थ्यो । माटोका भाँडा पवित्र र चोखो मानिने भएकाले सबै घरमा प्रयोग हुने गर्थे । तर आजकाल विद्युत बल्ब, प्लास्टिकका दीयो र धातुका भाँडाले परम्परागत माटोका सामग्रीलाई प्रतिस्थापन गरेका छन् ।

धनुषा लगायत मधेशका विभिन्न स्थानका कुमाल समुदाय हाल छठ र तिहारको तयारीमा व्यस्त देखिए पनि अन्य समयमा भने उनीहरूलाई काम पाउन मुस्किल परेको छ । माग घटेसँगै उनीहरू अहिले सीमित मात्रामा भाँडा बनाउने गर्छन् । धेरै कुमाल परिवारले वैकल्पिक रोजगारी खोज्न थालेका छन्, जसले यो पुरानो हस्तकलाको निरन्तरतामै प्रश्न उठाएको छ ।

कुमालहरू भन्छन्, 'पहिले तिहार र छठ आउँदा दिनरात काम गर्नुपर्ने हुन्थ्यो, अहिले भने त्यो अवस्था छैन ।' उनीहरूले स्थानीय तह र सरकारी निकायले यो परम्परागत पेशा जोगाउन कुनै पनि प्रोत्साहन नदिएको गुनासो पनि गरेका छन् । जनकपुरधाम उपमहानगरपालिका २४ बसहियाका सोमिया पण्डितले स्थानीय तहहरुले कुमाललाई आफनो जातिय पेसामा काम गर्नको लागि केही सहयोगहरु गरेको कारणमा टिक्न सजिलो रहेको बताए पनि माटो र पकाउनको लागि चाहिने दाउराहरु समेत महंगो हुन थालेपछि माटोको समान बचेर घर परिवार चलाउन सम्भव नरहेको बताइन् ।

त्यसै समस्या अन्य कुमालको समेत रहेको छ । विशेषज्ञहरूका अनुसार कुनै पनि परम्परागत पेशाको संरक्षणका लागि पुस्तान्तरण र प्रोत्साहन अपरिहार्य हुन्छ । तर कुमाल समुदायका युवाहरूले माटोका भाँडामा भविष्य नदेखेपछि पेशाप्रति विमुख हुँदै गएका छन् ।

स्थानीय तहहरूले पेशालाई जोगाउन सीपमूलक तालिम, बजार प्रवद्र्धन र सहुलियतपूर्ण ऋणका कार्यक्रम ल्याउनुपर्ने सुझाव विशेषज्ञहरूले दिएका छन् ।

# सांस्कृतिक पहिरनसहित जनकपुरधामा ऱ्याली



**जनकपुरधाम**
युवाहरु आआफ्नो संस्कृति र भेषभुषाप्रति विमुख भइरहेको अवस्थामा उनीहरुलाई संस्कृतिप्रति जनचेतना जगाउने उद्देश्यले जनकपुरमा संस्कृतिक पहिरन अभियानअन्र्तगत संस्कृतिक र्याली निकालिएको छ । स्थानीय जानकी मन्दिरमा युवाहरु आआफ्नो जातीय र परम्परागत पोशाकमा उपस्थिति भएका छन् । उनीहरुले सर्वसाधारणहरुलाई आआफ्नो भाषा र संस्कृतिप्रति अभिरुची जगाउने उद्देश्यले पुरुषहरु धोतीकुर्था र महिला साडीमा उपस्थित भएका थिए । उनीहरुले आफ्नो परम्परागत पहिचान जगाउन हरेक दिन नभए पनि पर्व त्यौहारमा समेत परम्परागत संस्कृति पहिरन लगाउन पर्नेमा जोड दिए ।

'अइबेर के छठीघाट, अपन सांस्कृतिक वस्त्रके साथ' भन्ने नाराका सहित जनकपुरधामको ऐतिहासिक तथा धार्मिक महत्वको जानकी मन्दिर परिसरमा सांस्कृति वस्त्र प्रदर्शन गरेका हुन् । यसका साथै युवतीमा समेत सारी फेशनको रूपमा मात्रै प्रयोग गर्ने गरिएकोमा युवतीहरूले चिन्ता व्यक्त गरे । धोती कुर्ता तथा सारी लगाएका दर्जनौँ युवायुवती गंगासागरमा जम्मा भएर जनकपुरधामस्थित जानकी मन्दिर पुगेका थिए । मिथिलाको आफ्नो वस्त्र तथा मिथिला संस्कृति हामी युवाहरुले नै जोगाउनुपर्छ भन्ने आफूहरूको उद्देश्य रहेको उनीहरूको भनाइ छ । धोती, कुर्ता, सारीसहितको संस्कृति पहिरन लगाएर जनकपुरधाम आइपुगेका युवायुवतीले मैथिली विकास कोषको भवनमा पुगेर सांस्कृतिक पहिरन जोगाउन आगामी दिनमा के गर्न सकिन्छ भन्ने विषयमा छलफल तथा विचार विमर्श समेत गरेका थिए । मधेशका कुनै पनि मधेशी काठमाडौँ जाँदा वा सिंहदरबार छिर्दा धोती, कुर्ता गम्छा वा पाइजामा कुर्ताको मुरेठ्ठा बाँधेर पस्दा 'धोती' भनेर होच्याइछ । यसले गर्दा मधेशमा धोती, कुर्ता वा पाइजामाको मौलिक पोशाक हीनताबोध गर्नेहरूलाई मनोबल उच्च पार्न राख्न सांस्कृतिकरुपमा आफ्नो मौलिक पहिचान र पहिरनको प्रदर्शन गरेको अभियानका संयोजक मोहन महतो 'कोइरी'ले बताए । मिथिलाको आफ्नो वस्त्र तथा मिथिला संस्कृति हामी युवाहरूले नै जोगाउनु पर्छ भन्ने उद्देश्यले आफूहरूले यो जुलुश निकालेको जुलुशमै सहभागी गौशाला नगरपालिका रजखोरकी विनिता कुमारी महतोले बताइन् ।

अहिलेका युवालाई संस्कृतिक पहिरनसँग जोडेर यसलाई जोगानउनुपर्ने आवश्यकता रहेको बताएका छन् । उनीहरुले जनकपुरमा र्याली प्रदर्शनका साथै सांस्कृतिक पहिरन विषयमा चर्चा परिचर्चासमेत गरेका छन् । यसरी युवालाई संस्कृतिसँग जोडेर अगाडि गएको खण्डमा पहिरन जोगाउन सकिने उनीहरुको कथन छ । युवालाई हीनता त्यागेर पहिचान र संस्कृति रक्षाका लागि यस किसिमको कार्यक्रम गरिएको जानकारी दिए ।

# योग तथा प्राकृतिक चिकित्सा तालिम




**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
अमरनाथ गुप्ताको अध्यक्षतामा शनिबार जनकपुरधामको गायत्री कुञ्जको बैठक हलमा एकदिने अन्तर्राष्ट्रिय योग तथा प्राकृतिक चिकित्सा तालिम भएको छ । कार्यक्रमका प्रमुख अतिथि वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासका वाणिज्यमहादूत देवी सहाय मीना थिए । उनले भने, 'योगले स्वस्थ राख्छ ।

योगले असाध्यै रोगहरूलाई जरैदेखि निको पार्न सक्छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको प्रयासका कारण संयुक्त राष्ट्र संघले समेत योगलाई मान्यता दिएको छ ।' अन्तर्राष्ट्रिय योग दिवस विश्वव्यापी रूपमा मनाइने गरिएको छ । प्राकृतिक चिकित्सा पनि योगको एक हिस्सा हो । सूर्यको प्रकाश, माटो र प्राकृतिक सामग्रीले जटिल रोगहरू निको पार्न सक्छ । कार्यक्रममा प्राकृतिक औषधिलाई बिर्सेर पश्चिमी संस्कृति अपनाइएकामा चिन्ता व्यक्त गरिएको थियो ।

इन्डियन ट्रेडिसनल हेल्थ आर्गेनाइजेशनका अध्यक्ष शंकर सन्याल र कार्यक्रम संयोजक एनपी सिंहले योग र प्राकृतिक चिकित्साबारे विस्तृत छलफल गरेका थिए । योग र प्राकृतिक चिकित्साले कसरी असाध्य रोग निको पार्न सक्छ । योग र प्राकृतिक चिकित्सा अपनाए गम्भीर रोगहरूबाट बच्न सकिन्छ भन्नेबारे बताइएको थियो ।

नेपाल चेम्बर अफ कमर्सको हीरक महोत्सवको अवसरमा मधेश प्रदेश चेम्बर अफ कमर्ससँगको सहकार्यमा कार्यक्रम गरिएको हो । कार्यक्रममा प्रदेश सांसद रामाशिष यादवसहितको स्थानीय भद्रभलाद्मीको सहभागिता थियो ।

# तिहारका लागि सयपत्री फूलका पाँच हजार बिरुवा बिक्री

**बागलुङ ।**
बागलुङ नगरपालिका–१ रामरेखाका राहुल बोहोरा एक दशकदेखि पुष्प व्यवसायमा लागिरहेका छन् । विगतमा तिहारलाई लक्षित गरी उनले सयपत्री फूल बिक्री गर्छन, यसपटक भने फूलका बिरुवा मात्रै बिक्री गरेका छन् ।

बोहोराका अनुसार भदौ यता मात्रै सयपत्री फूलका पाँच हजार बिरुवा बिक्री गरिसक्नुभएका छन् । फुल्न थालेका बिरुवा लगेर गमलामा सजाउने र तिहारमा प्रयोग गर्ने ग्राहकलाई उनले बिरुवा बिक्री गरेको बताए ।

पछिल्लो समय तिहारमा सयपत्री फूल खरिद गर्नुभन्दा बिरुवा खरिद गरेर घरमा सजाउने र तिहारमा प्रयोग गर्नेको संख्यामा वृद्धि भएको बोहोराले बताए । उहाँले ४० रुपैयाँमा माटोसहितको फूलको बिरुवा बिक्री गरेको उनले बताए ।

'गत वर्षसम्म फूलको मात्र बढी कारोबार हुन्थ्यो, यसपटक फूलभन्दा बिरुवाको कारोबार बढी भयो । हालसम्म पाँच हजार बिरुवा बिक्री गरिसकेँ । हाल माग धान्न नसकेर अन्य ठाउँबाट ल्याएर फूलका बिरुवा बिक्री गरिरहेको छु,' बोहोराले भन्नुभयो, 'विभिन्न जातका फूल तथा फलफूलका बिरुवा नर्सरीमा उत्पादन गर्दै आएको छु । यसपटक बिरुवा बिक्रीबाट दुई लाख रुपैयाँ कारोबार गसिरसकेको छु ।'

भारतको नयाँ दिल्लीमा 'बिएसी बोट्नी' विषयमा अध्ययन गरेर जन्मथलो फर्केर पुष्प व्यवसाय गरिरहनुभएका बोहोराले वर्षमा १५ लाख रुपैयाँ सम्म फूलको कारोबार गर्ने गरेको सुनाए । साबिकको धौलागिरि अञ्चलमा व्यावसायिक पुष्पखेतीको अभाव रहेको र बजार विस्तारको राम्रो सम्भावना देखेपछि आफ्नै घरबाट थालेको पुष्प व्यवसायलाई साढे चार रोपनी क्षेत्रफलमा विस्तार गरिसकेको उनलेजानकारी दिए ।

बोहोराले मौसमी मात्रै नभएर बेमौसमी फूलको समेत कारोबार गर्दै आएका छन् । उनले फूल बिक्रीबाटै तिहारबाहेक मासिक एक लाख ५० हजार रुपैयाँ भन्दा बढी आम्दानीसमेत गर्दै आएको सुनाए । 'तीन वर्ष काठमाडौँमा विज्ञान विषयको शिक्षक पनि भएँ । व्यवसायमा नामसँगै आम्दानीसमेत गर्न सकिन्छ भनेर गृह जिल्ला फर्केर पुष्प व्यवसायमा लागेको हुँ', बोहोराले भने,'सोचेअनुसार नै भइरहेको छ । नर्सरीमा तीन जनालाई प्रत्यक्ष रोजगारी दिइएको छु । बाह्रै महिना फूलको कारोबार गरिरहेको छु ।'

उनको नर्सरीमा सयपत्री, मौसमी, बहुवर्षीय र टिस्यु कल्चर गरिएका सजावटका फूलहरू पनि छन् । यस्तै, मेवा, आँप, अम्बा, किबी, चेरी, एभोकाडो र आरुका उन्नत जातका बिरुवाहरूसमेत उत्पादन र बिक्री भइरहेका छन् ।

बोहोराले साढे तीन रोपनी आफ्नै जग्गा र वार्षिक ५० हजार रुपैयाँ भाडा तिर्नेगरी एक रोपनी जग्गा भाडामा लिएका छन् ।

उनलाई बुबा चतुरबहादुर बोहोराले साथ दिँदै आएका छन् । 'आफूले अध्ययन गरेको विषयमा व्यवसाय गर्न पाउँदा निकै सन्तुष्ट छु । सैद्धान्तिक सीपलाई व्यवहारमा उतार्न सकिने गरी व्यवसाय गर्दा राम्रै हुँदो रहेछ', बोहोरा भने,'यदि, अर्कै काम गरेको भए यस्तो सन्तुष्टि र सफलता नहुन पनि सक्थ्यो ! हाल बागलुङसहित म्याग्दी, पर्वत, मुस्ताङका सरकारी कार्यालय, होटल तथा रिसोर्टमा फूल सजावत र दुबो व्यवस्थापनको काम गरिरहेको छु । नामसँगै दाम पनि छ ।रासस



**सडकमा असुरक्षित व्यापारः** सिरहाको गोलबजारमा लोकमार्गको मुख्य सडक ओगटेर असुरक्षित रूपमा व्यापार गर्दै । यसरी फुटपाथमा व्यवसायीले व्यापार गर्दा दुर्घटनाको उच्च जोखिम बढेको छ । तस्बिरः रासस

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन